# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १०१ | काठमाडौं | बुधबार, १८ साउन २०७९ | Prabhab National Daily, Wednesday, Aug 3, 2022 | URL www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




**रोपाइँको चटारो** | बर्दियाको बारबर्दिया नगरपालिका–११, फच्चकहवामा धान रोप्न धानको बीउ उखेल्दै किसान । *तस्बिरः मेनका चौधरी/रासस*

नागरिकता विधेयकको विरोध

# प्रमाणीकरण नगर्न राष्ट्रपतिलाई दबाब

■ प्रभाव संवाददाता

**काठमाडौं–** हालै संघीय संसद्को दुवै सदनबाट पारित नागरिकता विधेयकमाथि स्वागत तथा विरोधका स्वरहरु उठिरहेका छन् । प्रतिनिधिसभाबाट पारित उक्त विधेयक राष्ट्रिय सभाबाटसमेत पारित भइसकेको छ । सभामुख अग्निप्रसाद सापकोटाले पनि प्रमाणीकरण गरिसकेका छन् । अहिले राष्ट्रपतिबाट प्रमाणीकरणको प्रक्रियामा छ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि यो विधेयक कार्यान्वयनमा जानेछ ।

तर, नागरिकतासम्बन्धी उक्त विधेयक फिर्ता पठाउन राष्ट्रपतिमाथि दबाब सिर्जना गर्न थालिएको छ । विधेयकमा रहेको अंगीकृत नागरिकतासम्बन्धी व्यवस्थालाई लिएर विरोध भइरहेको हो । विधेयकमा नेपालीसँग विवाह गरेर आउने विदेशी महिलाले जुनसुकै बेला अंगीकृत नागरिकता लिन पाउने व्यवस्था गरिएको छ । यही व्यवस्थाको विरोध भइरहेको छ ।

यसअघि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको पूर्ववर्ती सरकारले संसद् सचिवालयमा दर्ता गरेको नागरिकता विधेयकमा पनि सोही व्यवस्था गरिएको थियो । तर, संसदीय समितिमा छलफल हुँदा अंगीकृत नागरिकता लिन विवाह गरेको कम्तीमा सात वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गर्नुपर्ने निर्णय भएको थियो । सोहीअनुसार विधेयक संशोधन गरी प्रतिनिधिसभामा पेस भएको थियो । तर, शेरबहादुर देउवा नेतृत्वको वर्तमान सरकारले उक्त विधेयक फिर्ता लियो । र, सात वर्षको सीमा हटाएर नयाँ विधेयक पेस गऱ्यो । उक्त विधेयक 'फास्ट्र्याक'मा प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट पारित गरिएको हो ।



संसद्बाट पारित भएको उक्त विधेयकको मधेसवादी दलसहित विभिन्न पक्षबाट स्वागत गरिएको छ । जन्मसिद्ध नागरिकका सन्तानले नागरिकता पाउने र अंगीकृत नागरिकताबाट वञ्चित व्यक्तिहरुले नागरिकता पाउने भएपछि स्वागत गरिएको हो । तर, एमालेसहित विभिन्न दलका नेताहरुले अंगीकृत नागरिकता पाउने सीमा हटाउन नहुने माग गर्दै आएका छन् । सरकारले विदेशीलाई नागरिकता बाँड्न लागेको आरोपसमेत लगाइएको छ । यसले राष्ट्रियतामाथि खतरा उत्पन्न हुने उनीहरुको तर्क छ ।

यही क्रममा मंगलबार पाँच वटा कम्युनिस्ट दलहरुले राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष संसद्बाट पारित नागरिकता विधेयक फिर्ता पठाउन आग्रह गरेका छन् । विधेयक संसद्मा 'फास्टट्र्याक'बाट पारित गरिएको उल्लेख गर्दै उनीहरुले राष्ट्रपति भण्डारीलाई फिर्ता पठाउन आग्रह गरेका छन् । नागरिकता विधेयक रोक्न माग गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य सिपी गजुरेल, नेकपा (बहुमत)का संयोजक कञ्चन, नेकपा (मसाल) राष्ट्रिय महाधिवेशन आयोजक समितिका संयोजक सन्तबहादुर नेपाली, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष लोकनारायण सुवेदी र संयुक्त क्रान्तिकारी मोर्चा, नेपालका संयोजक शर्मा संयुक्तरुपमा राष्ट्रपति भण्डारीकहाँ पुगेका हुन् । नागरिकताजस्तो अत्यन्तै संवेदनशील, गम्भीर र महत्त्वपूर्ण विषयमा (**बाँकी पृष्ठ ३ मा**)

# पर्यटन मन्त्रालयका उपसचिव ६ लाख घूससहित पक्राउ

गाडीबाट स्रोत नखुलेका थप साढे १२ लाख बरामद

■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव प्रमोद नेपाल छ लाख रुपैयाँ घूससहित पक्राउ परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मंगलबार उनलाई नक्सालस्थित होटल अरन्यबाट पक्राउ गरेको हो ।

आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले पक्राउ परेका उपसचिव नेपालले प्रयोग गर्ने गाडीबाट स्रोत नखुलेको थप १६ लाख ५० हजार रुपैयाँ बरामद गरेको जानकारी दिएका छन् । प्याराग्लाइडिङ सञ्चालनका लागि अनुमतिपत्र उपलब्ध गराइदिने कामका लागि उक्त घूस लिएको आरोप उनीमाथि लागेको छ । सेवाग्राहीसँग छ लाख रुपैयाँ रकम मागेको सूचनाका आधारमा आयोगबाट खटिएको टोलीले उनलाई पक्राउ गरेको प्रवक्ता भण्डारीले बताए । उपसचिव नेपाल पर्यटन मन्त्रालयको नागरिक उड्डयन महाशाखामा कार्यरत थिए ।

'उपसचिव प्रमोद नेपालले प्याराग्लाइडिङ सञ्चालनका लागि अनुमतिपत्र उपलब्ध गराइदिने कामका लागि सेवाग्राहीसँग छ लाख रुपैयाँ घूस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निजलाई सेवाग्राहीसँग छ लाख रुपैयाँ घूस/रिसवत लिइसकेको अवस्थामा उक्त घूस रकमसहित काठमाडौं महानगरपालिका, वडा नं. १ मनकामना मार्गस्थित होटल अरन्यको कम्पाउण्डबाट नियन्त्रणमा लिइएको छ,' आयोगका प्रवक्ता भण्डारीद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'निजले प्रयोग गरेको गाडी खानतलासी गर्ने क्रममा स्रोत नखुलेको थप रकम १६ लाख ५० हजार रुपैयाँसमेत गरी जम्मा २२ लाख ५० हजार रुपैयाँ बरामद भई थप अनुसन्धान भइरहेको छ ।'

३८ वर्षीय उपसचिव नेपाल २०६६ असारमा निजामती सेवामा प्रवेश गरेका थिए । रुपन्देहीको शुद्धोदन नगरपालिकाका उनी हाल बूढानीलकण्ठमा बस्दै आएका छन् ।

# 'टेबलटेबलमा हुने शासन अन्त्य गर्नू

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री शेरबहादुर देउवाले टेबलटेबलमा हुने शासन अन्त्य गर्न मन्त्री र सचिवहरुलाई निर्देशन दिएका छन् । मंगलबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मन्त्री र सचिवहरूको बैठकमा उनले यस्तो निर्देशन दिएका हुन् । उनले जनतालाई दिने सेवालाई सर्वोपरी ठानी मन्त्राल ।य, विभाग र कार्यालयका टेबलटेबलमा हुने शासन अन्त्य गर्न निर्देशन दिए ।

'तपाईंहरूले सरकारी कार्यालयका टेबलटेबलका शासन आजैदेखि बन्द गराउनुहोस्,' प्रधानमन्त्री देउवाले निर्देशन दिँदै भने, 'जनताको सेवक ठानेर चुस्त र प्रभावकारीरूपमा काम गर्नुहोस् ।' उनले कानुनबमोजिम सुविधा पाउनेबाहेकका कर्मचारी वा अन्य पदाधिकारीलाई सवारीसाधन सुविधा र इन्धन नदिन पनि निर्देशन दिएका छन् । इन्धनको मूल्यवृद्धिसँगै यसले मुलुकको विदेशी मुद्रामा असर गरिरहेका बेला उनले कानुनले तोकेबाहेकका सरकारी कर्मचारीलाई सवारीसाधनको सुविधा पाए/नपाएको लगत हेरेर कटौती गर्न निर्देशन दिए ।

'मेरो नेतृत्वमा पाँच राजनीतिक दलको सहभागितामा वर्तमान सरकार गठन भएको एक वर्षको अवधि पूरा भएको छ । यस अवधिमा सरकारले मुलुकलाई राजनीतिक स्थायित्व प्रदान गर्दै स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गराएको छ । स्थानीय तहले नयाँ नेतृत्व पाएसँगै विकास (**बाँकी पृष्ठ ३ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

नयाँ श्रम गन्तव्यको खोजी

# सम्भावित मुलुकसँग श्रम सम्झौताका लागि पहल

■ प्रभाव संवाददाता

**काठमाडौं–** कोरोना संक्रमण घटेसँगै वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या ह्वात्तै बढेको छ । विदेशिनेको संख्या बढेसँगै सुरक्षित वैदेशिक रोजगारीका लागि सरकारले विभिन्न मुलुकसँग श्रम सम्झौताको प्रक्रियासमेत अघि बढाएको छ ।

यसअघि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले विभिन्न १० मुलुकहरुसँग श्रम सम्झौता गरिसकेको छ । साउदी अरब, ओमान, कुवेत, बेलायतलगायतका मुलुकसँग सरकारले छिट्टै श्रम सम्झौता गर्ने तयारी गरिरहेको मन्त्रालयका अधिकारीहरुले बताएका छन् । अन्य मुलुकहरुसँग श्रम सम्झौताको तयारी भइरहे पनि बेलायतसँग भने नेपाली नर्स लैजाने विषयमा सम्झौताको अन्तिम प्रक्रियामा रहेको मन्त्रालयका उपसचिव एवं सहायक प्रवक्ता डा.थानेश्वर भुसालले बताए ।

पछिल्लो समय वैदेशिक रोजगारीमा जाने नेपालीहरु उल्लेख्य मात्रामा ठगिने र श्रम शोषण पर्ने गरेका कारण सबैभन्दा बढी कामदार जाने मुलुकसँग सरकारले श्रम सम्झौता गर्ने तयारी गरेको छ । यसले वैदेशिक रोजगारीलाई बढी सुरक्षित र भरपर्दो बनाउने म्यानपावर व्यवसायीहरुले नै स्वीकार्दै आएका छन् । तर, सरकारले गरेको श्रम सम्झौता अनुसार शून्य लागतमा कामदारलाई रोजगारीका लागि विदेश पठाउन नसकिने भन्दै व्यवसायीहरुले विरोध गर्दै आएका छन् । सरकार आफैंले पनि नेपाली युवालाई वैदेशिक रोजगारमा पठाउँदा दोहोरो मापदण्ड अपनाइरहेको छ । कुनै मुलुकमा शून्य लागत र कुनै मुलुकमा शुल्क लाग्ने प्रावधानसहित श्रम सम्झौता गरेको छ ।

नेपालबाट रोजगारीका लागि ११० मुलुकमा जान सकिने भए पनि कतिपय देशमा श्रम सम्झौता नगरी कामदार आपूर्ति गर्दा अन्तर्राष्ट्रिय मापदण्डअनुसार नेपाली श्रमिकले सेवा सुविधा पाउन नसकेका कारण




**रोजगारीमा जाने कामदारका लागि थप नयाँ श्रम गन्तव्यमा पोर्चुगल, जर्मनी, मोरिसस, क्यानडा, ब्रुनाइ र सेसेल्स, लेबनानलगायतका मुलुक रहेका छन् ।**

रोजगारदाता मुलुकसँग श्रम सम्झौताको तयारी भइरहेको भुसालले बताए । उनका अनुसार सरकारले चासोका साथ पहिलो प्राथमिकता दिएर यस विषयमा काम गरिरहेको छ । अहिले पनि वैदेशिक रोजगारीका लागि अधिकतम कामदार रोजगारदाता एजेन्सी (म्यानपावर कम्पनी)मार्फत गन्तव्य मुलुकहरुमा गइरहेका छन् । जसका कारण दुई देशबीचको श्रम सम्झौताविना गएका कामदार ठगिने र उद्धारमा कठिनाइ हुनेजस्ता समस्या बेलाबखत देखिने गरेका छन् ।

अहिले अधिक श्रम गन्तव्य भएका मुलुकमा एजेन्सीमार्फत नै कामदार पठाउन सकिने गरी श्रम सम्झौता हुने मन्त्रालयले जनाएको छ । नेपाल सरकारले श्रम सम्झौताको मस्यौदा तयार पारी साउदी अरब र ओमान पठाइसकेको बताइएको छ । जसको रायसहितको जवाफ आउन बाँकी रहेको बुझिएको छ । त्यसैगरी स्वास्थ्य क्षेत्रमा कामदार लैजाने गरी मल्दिभ्ससँग पनि श्रम सम्झौताको लागि पहल भइरहेको बताइएको छ । नेपाल सरकारमार्फत नै नर्सहरू लैजान सकिने मल्दिभ्सले प्रतिक्रिया दिएको छ ।

सरकारले सम्भावित मुलुकहरुसँग श्रम सम्झौता गर्ने पहल गर्नुका साथै वैदेशिक रोजगारीमा कामदार आपूर्तिका लागि नयाँ श्रम गन्तव्य मुलुकहरुको पनि खोजी गरिरहेको वैदेशिक रोजगार बोर्डको सचिवालयले जनाएको छ । बोर्ड सचिवालयका अनुसार रोजगारीमा जाने कामदारका लागि थप नयाँ श्रम गन्तव्यमा पोर्चुगल, जर्मनी, मोरिसस, क्यानडा, ब्रुनाइ र सेसेल्स, लेबनानलगायतका मुलुक रहेका छन् ।

युरोपियन देशसँग पनि श्रम सम्झौताका लागि प्रक्रिया अगाडि बढाइने मन्त्रालयले जनाएको छ । मन्त्रालयले कामदारको हितलाई मध्यनजर गर्दै वैदेशिक रोजगारी क्षेत्रमा भित्रिएका नयाँ प्रविधिलाई समेट्ने र रोजगारदाताले कामदारको सबै खर्च बेहोर्नुपर्ने प्रावधानलाई लागू गर्न सहमति जनाउनेसँग प्राथमिकता साथ श्रम सम्झौता गर्न सकिने जनाएको छ । रोजगारदाताले नै कामदारको सम्पूर्ण खर्च व्यहोर्ने समझदारी अनुरुप नै पछिल्लो समय बेलायत र जापानसँग सरकारले श्रम सम्झौता गरेको थियो ।

यस्तै मलेसियालगायत खाडी मुलुकहरुमा पनि सरकारले 'फ्रि भिसा, फ्रि टिकट'को नियम लागू गरेको छ । जहाँ सरकारले नियम लागू गरे पनि कार्यान्वयन फितलो देखिएको छ । मलेसियालगायत केही खाडी मुलुकमा श्रम सम्झौता भए पनि एजेन्सीमार्फत माग ल्याउने र कामदार पठाउने कार्य हुँदै आएको छ । त्यस्तै विगतमा कतिपय देशसँग गरिएका श्रम सम्झौता कार्यान्वयन हुन सकेको देखिँदैन । बहराइन र जापानसँग सन् २००८ मा गरेको श्रम सम्झौता नवीकरण नभई समाप्त भयो । सरकारले पछि जापानसँग पुनः सम्झौता गरेको छ । सम्झौता कार्यान्वयन र निरन्तरताको लागि प्रत्येक तीनदेखी पाँच वर्षमा नवीकरण गर्नुपर्ने व्यवस्था छ ।





**नागको पूजा** नागपञ्चमीका अवसरमा मंलबार काठमाडौंको नक्सालस्थित नागपोखरीमा रहेको नागको प्रतिमामा दूध चढाउन र पूजा गर्न सहभागी भक्तजन ।

*तस्बिरः चन्द्रकला क्षेत्री/रासस*

### गृहमन्त्री खाणको निर्देशन

# विपद् प्रभावितको उद्धार र राहतमा जुट्नू

■ प्रभाव संवाददाता



**काठमाडौं–** गृहमन्त्री बालकृष्ण खाणले मुलुकका विभिन्न स्थानमा गएको बाढीपहिरोले पुर्‍याएको क्षतिबारे जानकारी लिई राहत, उद्धार र व्यवस्थापनमा जुट्न निर्देशन दिएका छन् । उनले म्याग्दीको मालिका गाउँपालिका-२ रुममा गएको पहिरो, चितवनको भरतपुर महानगरपालिका-२९ केराबारीमा गएको पहिरोले पुर्‍याएको सडक अवरोध र चितवनकै इच्छाकामना गाउँपालिकामा गएको पहिरोबाट भएको क्षति, उद्धार र राहत तथा सडक खुलाउन भइरहेको प्रयासबारे जानकारी लिएका हुन् ।

उनले नेपाल प्रहरीका गण्डकी प्रदेश प्रमुख प्रहरी नायब महानिरीक्षक रामदत्त जोशी, म्याग्दीका प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी राना, चितवनका प्रमुख जिल्ला अधिकारी आशमान तामाङ, म्याग्दीका प्रहरी प्रमुख तिलक भारतीलगायतलाई टेलिफोन गरेर घटनाबारे जानकारी लिई आवश्यक व्यवस्थापनका लागि निर्देशन दिएका हुन् ।

उनले विपद् व्यवस्थापनमा समस्या परेमा मन्त्रालयमा खबर गर्नसमेत निर्देशन दिएका छन् । गएराति म्याग्दीको मालिका गाउँपालिका-२ मा माथिबाट झरेको पहिरोले घर पुर्दा सात जना बेपत्ता भएकामा दुई जनाको उद्धार गरिएको, दुई जनाको शव फेला परेको जनाइएको छ । अन्य व्यक्ति बेपत्ता छन् । म्याग्दीका प्रमुख जिल्ला अधिकारी रानाले घाइतेको उद्धार र बेपत्ता भएकाको खोजी जारी रहेको बताए । यता नारायणगढ मुग्लिङ सडकखण्डअन्तर्गत भरतपुर महानगर-२९ केराबारीमा पहिरो खस्दा सडक अवरुद्ध भएको छ । लेदो बगिरहेकाले तत्काल अवरुद्ध सडक खुल्ने सम्भावना नरहेको चितवनका प्रजिअ तामाङले बताए ।

मुग्लिङ-नारायणगढ सडकखण्डकै २० किलो र २१ किलो भन्ने स्थानमा पनि पहिरो गएको उनले बताए । अहिले नारायणगढतर्फबाट जुगेडीमा सवारीसाधन रोकिएको र पहिरोका कारण फसेकालाई सरकारी गाडीबाट चितवनसम्म लैजाने कार्य भइरहेको प्रजिअ तामाङले बताए । सडकमा रहेको अवरोध तत्काल हटाउन सक्ने अवस्था नरहेकाले चालकलाई रुट परिवर्तन गर्न भनिएको छ ।

# बालाजु-त्रिशूली सडकको ठेक्का तोडियो

■ सञ्चिता घिमिरे

**काठमाडौं–** काठमाडौं उपत्यकाको फोहोर ढुवानी गर्ने मुख्य सडकका रूपमा रहेको बालाजु-त्रिशूली सडक निर्माण सुरु भएको आठ वर्षमा निर्माण अलपत्र बनेको छ । पटक-पटक अवधि थप्दासमेत सम्पन्न नभएपछि अहिले सडक विभागले ठेक्का तोडेको छ ।

सडक अवस्था खराब हुँदा एम्बुलेन्सलगायत अरू अत्यावश्यक सेवा प्रवाहमासमेत कठिनाइ भइरहेको स्थानीयवासी र जनप्रतिनिधिले गुनासो गर्दै आएका छन् । दुई ठेक्कामा निर्माण अघि बढाइएकोमा एउटा ठेक्कामा ठेक्का तोडइसकिएको र अर्कोमा ठेक्का तोड्दा निर्माण व्यवसायी अदालती प्रक्रियामा गएकाले निर्माण अवरुद्ध बनेको हो ।

बालाजु-रानीपौवा सडक खण्ड निर्माणको जिम्मेवारी सन् २०१४ जुन ५ मा सैलुङ (नेपाली कम्पनी) र एआइपिएल (भारतीय कम्पनी) लाई दिइएकोमा गत असार ५ गते तोडिएको थियो । कूल १७.१ किलोमिटर लम्बाइको सो सडक निर्माणका लागि सात पटकसम्म अवधि थप गरिएको थियो । पछिल्लोपटक चैतमा अवधि सकिएको सडक विभागका महानिर्देशक अर्जुनजंग थापाले बताए । सो ठेक्कामा भौतिक प्रगति ५४ प्रतिशत र वित्तीय प्रगति ४९.३२ प्रतिशत रहेको थियो ।

सडकको अवधि थप गरिरहँदा त्यो अवधिभित्रै सम्पन्न गर्न पटक-पटक निर्माण कम्पनीलाई सचेत गरिएको विभागका महानिर्देशक थापाले बताए । उनका अनुसार सडकको नियमित मर्मत सम्भारमा ध्यान नदिएकाले वर्षाको समयमा यातायात सञ्चालनमा कठिनाइ भएर स्थानीयवासीले सास्ती भोगेका थिए । आठ वर्ष बितिसक्दा निर्माणस्थलमा कुनै पनि सामग्री नरहेको, कामदार नभएको र निर्माणको गतिविधि ठप्प रहेको पाइएको थियो । उनले भने, ‘यसअघि निर्माण भइसकेका संरचना र अरू काम पनि स्वीकार गर्न नसकिने अवस्थामा पाइएको थियो ।’ निर्माणका क्रममा समस्या देखिएपछि परामर्शदाताले पटक-पटक लिखितरूपमा पत्राचार गरेर त्रुटि सच्याउन भनिएको भए पनि बेवास्ता भएको महानिर्देशक थापाले बताए । दातृ निकाय, योजना कार्यालयसँगको बैठकमा पटक-पटक अवधिभित्रै सकाउँछु भने पनि निर्माण व्यवस्थापनमा कति पनि चासो नदेखाएको उनले बताए ।

सो ठेक्का तोडेसँगै योजना कार्यालयले सार्वजनिक खरिद ऐन, २०६४ र सम्झौताका आधारमा निर्माण कम्पनीलाई कालोसूचीमा राख्नका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गरिएको छ ।

निर्माण कम्पनीको नाममा रहेको एक करोड ५५ लाख २४ हजार रुपैयाँ जमानत जफत गरी सडक विभागको खातामा जम्मा गरिएको छ । जिल्ला अदालत पाटनबाट गत असार ८ मा जारी भएको ठेक्का अन्त्य निर्णयसम्बन्धीको अन्तिम आदेश जारी भएको छ । ३४.०९ किलोमिटर लम्बाइको रानीपवौवा-त्रिशूली सडकमा ठेक्का तोडिसक्दासम्म सो ठेक्कामा भौतिक प्रगति ४६ प्रतिशत र वित्तीय प्रगति ४१.१३ प्रतिशत रहेको थियो । सो सडकको निर्माणको जिम्मेवारी भारतीय कम्पनी डिआरएआइपिएल, नागार्जुन, कोसी एण्ड न्यौपाने जेभीलाई दिइएको थियो ।

सन् २०१५ मा तीन वर्षमा सम्पन्न गर्ने गरी ठेक्का भएको भए पनि पटक-पटक थप हुँदासमेत आधा काम पनि सकिएको थिएन । निर्माण व्यवसायीले सुरुदेखि नै लक्ष्यअनुसारको काम गर्न नसकेर परामर्शदाता कम्पनीबाट समय समयमा लिखित तथा मौखिकरूपमा सचेत गराएको विभागका महानिर्देशक थापाले बताए । सुरुका दिनमा नेपाली कम्पनीले मुख्य व्यवस्थापनको काम भइरहेकामा सन् २०१८ सेप्टेम्बरबाट भारतीय कम्पनीबाट भएको थियो ।

दुवैले व्यवस्थापन गर्दा निर्माणमा प्रगति नभएको उनले बताए । सार्वजनिक खरिद नियमावली, २०६४ को नवौं संशोधनअनुसार एक वर्ष अवधि थपेर सन् २०२० को डिसेम्बरसम्म अवधि रहेको थियो । बन्दाबन्दीको समयमा पास उपलब्ध गराइएको भए पनि काम नगरेको उनले बताए ।

सार्वजनिक खरिद ऐन, २०६४ को व्यवस्था र सम्झौताअनुसार नै विभागले वि.सं. २०७७ मा ठेक्का अन्त्य गरेको थियो । निर्माण कम्पनी तत्काल कानुनी प्रक्रियामा जाँदा पाटन उच्च अदालतले असार १६ गते निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने र कार्य सम्पादन जमानत जफत गर्नेजस्ता कारबाही अघि नबढाउनू भनी अन्तरिम आदेश दिएको थियो ।

वि.सं. २०७८ चैत १६ गते अदालतको निर्णयअनुसार व्यवसायीको फिरादपत्र खारेज भएको थियो भने सार्वजिक खरिद अनुगमन कार्यालयले कम्पनीलाई कालोसूचीमा राखेको थियो । सो सडक स्तरोन्नतिका लागि अहिले पहिले ठेक्का गरिएको समयभन्दा १२१ प्रतिशत बढी रकम लाग्ने देखिएको विभागका महानिर्देशक थापाले बताए । मूल्यांकनअनुसार निर्माण कम्पनीबाट असुल गर्नुपर्ने रकम ७४ करोड ७७ लाख २० हजार रुपैयाँ रहेकोमा कृषि विकास बैंकबाट दुई करोड २२ लाख रुपैयाँ जफत गरिएको छ । यात्रुलाई आवतजावतमा कठिनाइ भएकाले सामान्यमर्मत गरिएको विभागले जनाएको छ ।

बालाजु-रानीपौवा सडकको अदालतको निर्णय नआउँदासम्म केही गर्न नसकिने र रानीपौवा-त्रिशूली सडक ठेक्का तोडिएकाले नयाँ ठेक्काबाट जानुपर्ने सडक सुधार तथा विकास आयोजना निर्देशनालयले जनाएको छ । रानीपौवा-त्रिशूली सडक यही आवमा काम हुने निर्देशनालयका प्रमुख रोहितकुमार बिसुरालले बताए ।

काठमाडौंबाट नुवाकोट जानका लागि टोखा-छहरे र गल्छी-त्रिशूली सडक विकल्प भए पनि यो सडक बनिनसकेकाले रानीपौवा जान समस्या भएको उनले बताए । रासस

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

२०७९ साउन १८ गते बुधबार

| | |
|---|---|
| **मेष** | स्वास्थ्य राम्रो रहनेछ । |
| **वृष** | अचल सम्पत्तिमा वृद्धिको योग छ । |
| **मिथुन** | मनोरञ्जनको माहोल बन्नेछ । |
| **कर्कट** | सन्तुलित भोजन गर्नु राम्रो हुनेछ । |
| **सिंह** | सामाजिक तथा राजकीय कार्यहरुमा वृद्धि हुनेछ । |
| **कन्या** | विरोधी सक्रिय रहनेछ तर असफल हुनेछ । |
| **तुला** | अनावश्यक खर्चको योग देखिन्छ । |
| **वृश्चिक** | नयाँ गन्तव्यमा यात्रा हुनेछ । |
| **धनु** | अनावश्यक विवाद नगर्नुहोला । |
| **मकर** | धर्मपालनामा रुचि बढ्नेछ । |
| **कुम्भ** | नयाँ सम्पर्क बढ्नेछ। |
| **मीन** | साथीभाइबीचको सम्बन्ध सुमधुर रहनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ‘खा बैंक | ४४९३६८४ |
| नेपाल आ‘खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ‘खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

साउन १८ गते, २०७९, ३ अगष्ट २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# पारसको उपचारका लागि अपिल

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्पाइनल कर्ड इन्जुरी रोगबाट पीडित सुनसरी, इटहरी-२० तरहराका ४४ वर्षीय पारस मोतेले आफ्नो थप उपचारको लागि आर्थिक सहयोगको अपिल गरेका छन् ।

मंगलबार पत्रकार सम्मेलन गरेर १० वर्षदेखि उक्त रोगसँग जुध्दै आएका मोतेले पैसाको अभावले थप उपचार रोकिएको भन्दै सहयोगको याचना गरेका हुन् । उनले भने,'स्पाइनल कर्ड इन्जुरीको १० वर्षअघि साथीहरूले पैसा जुटाएर दिल्लीको एक सरकारी अस्पतालमा एकपटक एम्बुलाइजेसन गरे । अझै दुईपटक अस्पतालले एम्बुलाइजेसन गर्नुपर्छ भनेको छ, तर, मसँग पैसा छैन् ।'

उनले आफ्नो थप उपचारमा आर्थिक सहयोग गर्न देश तथा विदेशमा रहेका सहयोगी मनहरूलाई आग्रह गरे । उनले एकपटक एम्बुलाइजेसन गरेको ४ लाख शुल्क लाग्ने बताए । एम्बुलाइजेसनको लागि करिब ९ महिना भारतमा बस्नु पर्ने भन्दै आफूमात्र नभएर बिरामी कुरुवाको समेत खानपिनको बन्दोबस्त गर्न समस्या भएको सुनाए । १० वर्षअघि भारतको इन्डिया एन्ट हस्पिटलमा उपचार गराएको उनले जानकारी दिए । उनले आफुलाई सहयोग गर्न इच्छुक व्यक्तिहरूलाई एन.एम.बी बैंकको सुनसरी तरहरा शाखाको खाता नम्बर ०५५ ००८ ३९३८४०००११ र मोबाइल नम्बर ९८०४०३७४२८ मा सम्पर्क गर्न आग्रह गरे ।

कार्यक्रममा प्राइम टाइम्स टेलिभिजनका अध्यक्ष तथा रिपोर्टर्स क्लब नेपालका सभापति ऋषि धमलाले आर्थिक अभावमा उपचारबाट बञ्चित भएका पारस मोतेलाई देश तथा विदेशमा रहेका सबैले सहयोग गरेर उपचार सहज बनाउने विश्वास व्यक्त गरे । धमलाले मोतेको उपचारको लागि राज्यको तर्फबाट सहयोग हुनुपर्ने भन्दै सरकारबाट सहयोग नभए १० लाख रूपैयाँ रिपोर्टर्स क्लब नेपालले अग्रसरता लिएर जुटाउने पनि प्रतिबद्धता गरे ।

## प्रमाणीकरण ...

पृष्ठ १ बाट जारी

खेलवाड गर्न नहुने उनीहरुको माग छ । 'नागरिकताजस्तो अत्यन्तै संवेदनशील, गम्भीर र महत्त्वपूर्ण विषयमा खेलवाड गर्ने र नेपालको तराई तथा अन्य स्थानमा पुस्तौंपुस्तादेखि बसोबास गर्दै आएका शोषित, पीडित, दलित, भूमिहीन, निर्धा, निमुखा, श्रमजीवि जनसमुदायले नागरिकता नपाउने तर अनेक जालझेल, लोभलालच, आश्वासन-प्रलोभन, प्रभाव-दबाव र पैसाको चलखेलका आधारमा गैरनेपाली नागरिकले नागरिकता पाउनेगरी चलिआएको राष्ट्र हितविपरीतको प्रपञ्चकारी परम्परालाई कानुनी मान्यता दिने गरी हालै नागरिकतासम्बन्धी विधेयक संघीय संसद्बाट हठात् र बलात् पारित गरिएको छ । त्यसले सच्चा नेपाली नागरिकहरूलाई नै अल्पमतमा पार्ने जस्तो गम्भीर र भयावह अवस्था सिर्जना गर्ने देखिन्छ,' पाँच दलका नेताहरुले राष्ट्रपतिसमक्ष बुझाएको संयुक्त पत्रमा भनिएको छ ।

पत्रमा भारतमा नेपाली चेली विवाह गरेर जाँदा र नेपालमा अन्य देशबाट विवाह गरेर आउँदाको प्रावधानमा किन विभेद भन्ने प्रश्न गरिएको छ । 'भारतको नागरिकता भएका व्यक्तिसँग नेपाली महिलाले विवाह गर्दा उनले भारतको नागरिकता पाउन सात वर्ष कुर्नुपर्ने तर भारतकी महिलाले नेपाली नागरिकसँग विवाह गरेकै भोलिपल्ट नागरिकता पाउने यो विभेदकारी अवस्था किन ? अंगीकृत नागरिकता पाउनुपर्ने जन्मसिद्ध नागरिकका सन्तानलाई वंशजको नागरिकता दिने प्रावधान राखिएको छ,' पत्रमा उल्लेख छ, 'यी सबैको कारण नेपालको राष्ट्रियता, सार्वभौमिकता, स्वाधीनता र स्वत्व-अस्तित्वमाथि नै गम्भीर खतरा पुग्ने स्थिति सिर्जना हुने निश्चित छ । यस प्रकारको अवस्था नेपाल राष्ट्र र नेपाली जनताका लागि किमार्थ र कदापि स्वीकार्य छैन ।'

यो विधेयकले दक्षिण एसियाका अरू देशहरूको नागरिकता प्राप्तिका प्रबन्ध र प्रावधानसँग पनि कुनै तादाम्यता नराख्ने भन्दै व्यापक मात्रामा छलफल र बहस गरी सर्वपक्षीय सहमति कायम गरेर मात्र यसलाई अन्तिम रूप दिनका लागि यो विधेयक संसद्मा नै फिर्ता पठाउन पाँच दलले आग्रह गरेका छन् ।

## प्रमाणीकरण ...

पृष्ठ १ बाट जारी

र सेवा प्रवाहमा नयाँ उत्साहका साथ परिचालित भएका छन्,' प्रधानमन्त्री देउवाले भने ।

उनले अबका केही महिनाभित्रमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न गर्नुपर्ने उल्लेख गर्दै त्यसको तयारीमा लाग्न सम्बन्धित सबैलाई निर्देशन दिए । निर्वाचनका पूर्वतयारीका काम समयमै सम्पन्न गर्नुपर्ने, निष्पक्ष, विश्वासिलो र भरपर्दो वातावरण बनाइ निर्वाचन सम्पन्न गर्ने कामलाई उच्च प्राथमिकतामा राखी अघि बढ्न प्रधानमन्त्री देउवाले अनुरोध गरे ।

आर्थिक समुन्नति, सामाजिक रूपान्तरण र सुशासनका लागि सम्पूर्ण शक्ति र सामर्थ्यका साथ काम गर्नुपर्ने र विकासलाई बाधा पुऱ्याउने विषय समयमै पहिचान गरी नीतिगत तथा संस्थागत सुधारका कार्यअघि बढाउनुपर्ने बताउँदै उनले आफैंले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल हुनेगरी कार्य सम्पादन गर्न अझ बढी सजग हुन आवश्यक रहेको बताए । गत वर्षको प्रगति सुन्दा र प्रगतिका तथ्यहरू हेर्दा कार्यशैली र कार्यसम्पादनमा तत्काल सुधार गरी अघि बढ्न जरुरी देखिएको बताउँदै उनले कार्यान्वयन क्षमता अभिवृद्धि गरी विकासका नतिजा हासिल गर्ने र जनताले महसुस गर्ने गरी सेवा प्रवाहमा सुधार गर्न मन्त्री र सचिवलाई निर्देशन दिएका छन् ।

## काठ बिक्री विरतण सम्बन्धी २१ दिने सूचना

प्रथम पटक प्रकाशित २०७९/०४/१८ गते

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/२०७९ मा संकलन गरी समूहको घाटगद्दीमा भएको गोलिया काठ/ दाउरा यस समूहका उपभोक्ता सदस्यहरुमा खपत नभई छिमेकी समूहका उपभोक्ताहरुलाई आन्तरिक खपत भै बाँकी रहेको काठको लागि यस समूहबाट सूचना प्रकाशित गर्दा समेत कोहि कसैको निवेदन पर्न नआएको हुँदा समूहको घाटगद्दीमा मौज्दात रहेको अस्ना, साल, हल्दु, सिसौ, खयर गरी विभिन्न ग्रेडको ६६५ थानको ४७३१.५७ क्युफिट काठ र दाउरा ३ चट्टा दाउरा सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकाले मूल्य अभिवद्धि करमा दर्ता भै वन पैदावर सम्बन्धी कारोबार गर्ने काष्ठ व्यवसायी व्यक्ति/ फर्म वा कम्पनी/ उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र यस सा.व.उ.स कार्यालयबाट बोलपत्र खरिद गरी शिलबन्दीको बोलपत्र २२औ दिन ३:०० बजेभित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धी सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विस्तृत जानकारीको लागि सूचना यस सा.व.उ.स.को कार्यालय तथा सम्बन्धी अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री भगतपुर सामुदायिक वन उपभोक्ता समूह**
घोडाघोडी न.पा. वडा नं. ९ कैलाली

## नेपाल सरकार
### दावी विरोध सम्बन्धी
### वैदेशिक रोजगार विभागको
### सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **श्री मोभिरा ओभरसिज सर्भिसेज प्रा.लि. (ई.प.नं. ८३/०५३/०५४), सुनसरी जिल्ला इटहरी न.पा. वडा नं. ०१**,मा रहेको शाखा कार्यालयको साविकको ठेगाना परिर्वतन गरी **सुनसरी जिल्ला इटहरी उप म.न.पा. वडा नं.६** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADDOHA POULTRY COMPANY

पुर्व स्वीकृति मिति:२०७९/03/10 | पुन विज्ञापन स्वीकृति मिति:२०७९/04/17 | LT. No. 265858 | चलानी नं.६०१८१६५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 1 | 0 | 1100 | ३६,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:साउन २५ गते (10th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैँले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ARANIKO OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. 267/058/059
Kupondole (Opposite Hotel Himalaya)
Kathmandu, Nepal.Tel: +977 1 5455365/5010657/5010658
Email: infoaraniko267@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CASTLE LIMOUSINE

पूर्व स्वीकृति मिति २०७८/०३/०६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/१७ | LT. No. 240011 | चलानी नं. ६०१५९९३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 50 | 0 | 1400 | ४८,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन २५ गते (10th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैँले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TECHNO BLUE W.L.L.

पूर्व स्वीकृति मिति : २०७८/०८/१६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/१७ | LT. No.249732 | चलानी नं.६०१७८६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 4 | 0 | 1000 | ३४,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन २५ गते (10th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैँले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ALPHA SIGMA HUMAN RESOURCES MANAGEMENT PVT.LTD.**
श्रम ईजाजत नं. ६६९/०६३/०६४
Dhumbarahi, Kathmandu, Nepal Phone: +977-01-4415203, 4440815
Fax: +977-01-4440718 Email: info@ashrm.com.np
Website : www. ashrm.com.np



## मलेसिया/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNIQUE EATS SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०४/१७ | LT. No. 268525 | चलानी नं.६०१८४३८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 14 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : NICEPACK INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०४/१७ | LT. No. 268524 | चलानी नं.६०१८४३८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 11 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : EDIT BEAUTY SALOON COMPANY FOR LADIES.

पूर्व स्वीकृति मिति : २०७८/०९/११ | पून विज्ञापन स्वीकृति मिति २०७९/०४/१७ | LT. No. 254363 | चलानी नं.६०१७१२१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 2 | 150 | ६१,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौं, मिति: साउन २५ गते (10th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :AL-MAZIAD EST. TRANSPORTING & CARTOWING

पूर्व स्वीकृति मिति २०७८/०३/१३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/१७ | LT. No. 240799 | चलानी नं. ६०१७९२३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 2 | 0 | 1800 | ६०,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन २५ गते (10th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैँले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sky Blue International Overseas Pvt.ltd.**
Govt. License 1462/074/075
Sinamangal, Kathmandu, Nepal,Phone : +977 1 4592660
skyblueintloverseas@gmail.com, www.skyblueintl.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी :HIGH BOLT TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०७८/११/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०४/१७ | LT. No. 257980 | चलानी नं. :६०१७४५३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 1 | 0 | 1000 | ३४,६१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 1 | 0 | 1200 | ४१,५३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन २५ गते (10th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैँले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAWADER MAINTENANCE AND CLEANING COMPANY

पूर्व स्वीकृति मिति : २०७९/०४/१७ | LT. No. 268345 | चलानी नं.६०१८४३९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Labor | 1 | 0 | 1000 | ३३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय ललितपुरमा, मिति: साउन २५ गते (10th Aug 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैँले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JERRY MANAGEMENT SYSTEM Pvt. Ltd.**
Govt. License 1031/068/69
P.O.Box: 12235, Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SYNTURN (M) SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/१७ | LT. No. 268541 | चलानी नं. ६०१८४४०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 120 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि-अन्तरवाता धमाधम भईरहेको छ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन २५ गते (10th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैँले सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**KINGFISHER OVERSEAS PVT.LTD**
श्रम ईजाजत नं. १४३५/०७४/७५
Gairigaun 9 Tinkune, Kathmandu,Nepal.
Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMJAD AYED KHALAF AL SHAMMARI CAFE TO SERVE DRINKS

पूर्व स्वीकृति मिति २०७९/०४/१७ | LT. No. 268302 | चलानी नं. ६०१८४४१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1200 | ४०,२५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | My Coffee | 2 | 0 | 1200 | ४०,२५५ | | | | | | | |

कम्पनी : NOURA MUBARAK BIN HAMAD AL DOSSARY GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०७९/०४/१७ | LT. No. 268137 | चलानी नं. ६०१८४३८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1200 | ४०,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन २५ गते (10th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैँले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**
Govt. License 1218/074/075
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com,
mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# भाषणमा होइन, व्यवहारमा देखाऊ

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले दक्ष सीप भएका जनशक्तिलाई मात्र वैदेशिक रोजगारमा पठाउनुपर्ने बताए । वैदेशिक रोजगारी बाध्यता भएकोले स्वदेशमै रोजगारी सिर्जना गर्ने वातावरण बनाउन जनचेतना फैलाउन जरुरी रहेको उनको भनाइ छ । प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले सोमबार वैदेशिक रोजगार र श्रमसम्बन्धी रहेका समस्याका सम्बन्धमा गरेको बैठकमा मन्त्री कुँवरले स्वदेशमा नै रोजगारी सिर्जना गराउने र श्रमिकलाई श्रम गर्न जनचेतना फैलाउन जरुरी रहेको बताएका हुन् । बाहिरी मुलुकबाट कामदार आएर नेपालमा श्रम गरिरहेको उल्लेख गर्दै उनले रोजगारीका लागि नेपालीहरु विदेशिनु दुःखद् भएको बताए ।

मन्त्री कुँवरले स्वदेशमै रोजगारीको अवसर रहेको बताए पनि तथ्यांकले त्यस्तो देखाउँदैन । स्वदेशमा रोजगारीको अवसर सिर्जना हुन नसक्दा वैदेशिक रोजगार नेपालीहरुका लागि बाध्यता बनेको छ । बर्सेनि लाखौं संख्यामा युवाहरु विदेशिने गरेका छन् । उनीहरुमध्ये कोही पनि रहरले पक्कै विदेशिएका होइनन् । आफ्नो परिवार र सन्तानको भविष्यका खातिर वैदेशिक रोजगारीमा जानु उनीहरुका लागि अन्तिम विकल्प बनेको छ । यसरी विदेशिएका नेपालीहरुबाट पठाएको रेमिटचान्सबाटै मुलुकको अर्थतन्त्र धानेको छ । अर्थतन्त्रको ठूलो हिस्सा रेमिटचान्सबाट आउने रकमले ओगट्दछ ।

यद्यपि, मन्त्री कुँवरले भनेजस्तै स्वदेशका उद्योगहरुमा कामदारको अभाव छ । एकातिर स्वदेशमा कामदारको अभाव अर्कोतर्फ वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दै जानु ठीक उल्टो देखिन्छ । स्वदेशमै रोजगारीमा लगाउन सरकारले सकेको छैन । यहाँका उद्योग वा रोजगारदाताहरुले किन नेपाली श्रमिकहरुलाई आकर्षित गर्न सकिरहेका छैनन् भन्ने प्रश्न उठ्छ ।

सरकारले रोजगारी सिर्जना गर्न भन्दै ल्याएको प्रधानमन्त्री स्वरोजगार कार्यक्रम प्रभावकारी बन्न सकेको छैन । यस्तै अन्य कार्यक्रम पनि नतिजमुखी बन्न सकेको देखिँदैन । प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत एक लाख ४५ हजार ११३ जनालाई स्वरोजगार बनाइएको श्रम मन्त्रालयको भनाइ छ ।

वैदेशिक रोजगार विभागका महानिर्देशक शेषनारायण पौडेल वैदेशिक रोजगारमा जानेको संख्या अहिले बढेको बताउँछन् । उनका अनुसार आर्थिक वर्ष २०७३/७४ मा छ लाख ४२ हजार जना वैदेशिक रोजगारीका लागि गएकामा आव २०७७/७८ मा एक लाख ६६ हजारमा झरेको थियो । यस्तै आव २०७८/७९ मा त्यो संख्या बढेर छ लाख २१ हजार जनामा पुगेको छ ।

वैदेशिक रोजगारीमा जाने तिनै श्रमिकहरुको जीवन असुरक्षित बनिरहेको तथ्य लुकेको छैन । विभिन्न श्रम गन्तव्य मुलुकमा रोजगारीका लागि गएर ज्यान गुमाउने नेपालीको संख्या बर्सेनि बढ्दै गएको छ । वैदेशिक रोजगार बोर्डको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०७८/७९ मा मात्रै रोजगारीका लागि विभिन्न देशमा गएका एक हजार ४७९ नेपालीले ज्यान गुमाएका छन् । उक्त संख्या अघिल्लो आर्थिक वर्षभन्दा २३७ जनाले बढी हो । आर्थिक वर्ष २०७७/७८ मा एक हजार २४२ जनाको मृत्यु भएको थियो । बोर्ड सचिवालयले राखेको तथ्यांकअनुसार गत आर्थिक वर्षमा एक हजार ४७९ जना मृतकका परिवारले क्षतिपूर्ति बुझेका छन् ।

वैदेशिक रोजगार तत्काल बन्द गर्न सकिने अवस्था छैन । त्यसैले सुरक्षित बनाउन आवश्यक छ । दीर्घकालीन लक्ष्य स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्ने हुनुपर्छ । त्यसअनुसार कार्यक्रमहरु अगाडि बढाइएको पनि छ । तर, त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अपेक्षाकृत नतिजा आउन सकेको छैन । त्यसैले अब सरकारले नतिजा आउने गरी काम गर्नुपर्छ । स्वदेशमै रोजगारी भाषणमा होइन, व्यवहारमा कार्यान्वयन हुन आवश्यक छ ।

## मनन्योग्य

### विदुर नीति

जुनसुकै दुई व्यक्तिका चित्त चित्तसँग, गोप्य कुरा गोप्यतासँग, बुद्धिसँग बुद्धि मिलेको छ भने दुवैबीचको मित्रता स्थायी र अटुट हुन्छ ।

घाँसैघाँसले ढाकेको पनेरी (कुवा) लाई जसरी छाडिन्छ । त्यसै गरी मेधावी (बुद्धिमान) पुरुषले विचारशक्तिहीन एवम् दुर्बुद्धि भएको मानिसलाई त्यागिदिन्छ । किनकि यी दुईबीचको मित्रता नष्ट हुने गर्दछ ।

अहंकारी, दुस्साहसी (पापाचरणमा अवलिप्त), मूर्ख, रिसाहा एवम् विवेकशून्य तथा धर्मरहित मानिससित बुद्धिमान् व्यक्तिले मित्रता गर्ने नगरोस् ।

उपकार मान्ने कृतज्ञ व्यक्ति, धार्मिक प्रवृत्ति भएको, सच्चा, उदार र स्थायी रूपले प्रेमभाव राख्ने, आत्मसंयमी, मर्यादित, आपत्ति परेको बेलामा पनि साथ नछोड्ने मित्र नै प्रिय मित्र बन्दछ ।

सदैब इन्द्रियलाई नियन्त्रण गरी राख्नु त मृत्युको सामना गर्नुभन्दा कठिन छ । इन्द्रिहरूलाई नियन्त्रणमा नराखी खुल्ला त्यसै छाडिदिने कार्यले त देवताहरूलाई समेत विनाश गर्दछ ।

विद्रान्हरूले भनेका छन् कि सम्पूर्ण प्राणीप्रति कोमलता र दयापूर्ण व्यवहार, गुणहरूमा दोष नदेख्नु, सहनशीलता, धैर्य र मित्रजनहरूको अपमान नगर्नु यी गुणहरूले मानिसको आयुलाई बढाउँदछन् ।

जुन मनुष्यले अन्यायपूर्वक नष्ट भएको धनलाई (स्थिरवुद्धि) चञ्चल मनको आश्रय लिई राम्रो एवम् अनुकूल नीतिद्वारा पुनः धन फिर्ता लिने इच्छा गर्दछ, उसको यस किसिमको कार्यलाई वीर पुरुषहरूले गर्ने गरेजस्तो आचरण जस्तै स्लाध्य ठानिएको छ । क्रमश :

# समावेशी बन्दै संस्कृत शिक्षा

▶▶ गोपालप्रसाद बराल

मधेसमा अत्यन्त पिछडिएको मानिने खत्वे जाति समुदायका नवीन मण्डलले संस्कृत भाषाकै अध्ययन जारी राखेर उच्च शिक्षा प्राप्त गर्ने रहर पालेका छन् । महोत्तरीको मटिहानी-७ स्थित राजकीय संस्कृत माध्यमिक विद्यालयबाट यसपालि माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गरेका मण्डललाई संस्कृत भाषा साहित्य अध्ययनको चाहना बढेको हो ।

एकताका उच्च कुलीन ब्राह्मणका लागि मात्र शिक्षाको अवसर दिने संस्कृत पाठशालाको नाउँ मात्र फेरिएको छैन । राजकीय संस्कृत माध्यमिक विद्यालय सबै जातजाति र समुदायको साझा बन्दै छ । मधेसका दलित समुदायका मण्डल आफ्नै दाजु दीपेन्द्र मण्डलको सल्लाहमा संस्कृत पढ्न मटिहानी पुगेका हुन् । दाजु दीपेन्द्रले पनि केही वर्षअघि यसै संस्कृत विद्यालयबाट प्रवेशिका उत्तीर्ण गरेको थियो ।

दाजुकै प्रेरणाले संस्कृत पढ्न थालेका जिल्लाकै भ्रमरपुराका बासिन्दा नवीन संस्कृत भाषा र साहित्यमा राम्रो दखल बढाएर श्रीमद्भागवत पढ्न, बुझ्न र भावानुवाद गरी नेपाली, मैथिलीमा प्रवचन दिनसक्ने रहर पालेको बताउँछन् । यसपालि सो विद्यालयबाट एसइई उत्तीर्ण गर्ने मण्डल एक्लो छैनन् । मटिहानी-६ कै दुसाध जातिका अंकित पासवानले पनि एसइई यसै विद्यालयबाट उत्तीर्ण गरेका छन् । 'विद्यालयमा अहिले मधेसका मात्र नभएर विकट पहाडी जिल्लाका दलित समुदायका छोरी पनि पढ्दै छन्,' विद्यालयका प्रधानाध्यापक ईश्वरी पौडेल भन्छन्, 'छोरी शिक्षालाई त विशेष ध्यान नै दिएका छौँ, कक्षा ११ र १२ को शिक्षा पनि छोरीलाई पूर्ण निःशुल्क गरिएको छ ।'

भारतसँग सीमा जोडिएको महोत्तरीको मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालय जातीय दृष्टिले मात्र नभई कैयन वर्षदेखि पहाड-मधेस सम्बन्धको सेतु पनि रहँदै आएको छ । करिब ३०५ वर्षको इतिहास बनाएको यो गुरुद्वारा (विद्यालय) मा संस्कृत विषयको अध्ययन मोहले आउने विकट पहाडी जिल्लाका वटुक (विद्यार्थी)को बाक्लो उपस्थितिले यो पहाड-मधेस सम्बन्धको सेतु रहँदै आएको प्रधानाध्यापक पौडेल बताउँछन् ।

विद्यालयमा अहिले पूर्वी नेपालको ताप्लेजुङदेखि पश्चिमको दैलेखसम्मका वटुक छन् । ताप्लेजुङ, ओखलढुंगा, खोटाङ, दैलेखसहितका पहाडी जिल्ला र बर्दिया, बाँके र मोरङका थारू समुदायका विद्यार्थी विद्यालयमा छन् । यसबाहेक मधेस प्रदेशका सबै जिल्ला र छिमेकी मित्रराष्ट्र भारतका पनि उल्लेख्य संख्याका वटुक रहेका विद्यालयले जनाएको छ । 'तराईका अति पिछडिएका मानिने चमार समुदाय र कसेरा जाति समुदायका छोरीहरू हामीकहाँ पढ्दै छन्,' प्रधानाध्यापक पौडेल भन्छन्, 'हाम्रो विद्यालय अब सबै जातजातिको शिक्षा आर्जनको साझा चौतारी र मुलुककै विभिन्न भेगको आपसी सम्बन्ध बढाउने थलो हो ।'

'हरिॐ नमस्ते रुद्र मण्याय' सखारैको रुद्राभिषेक पाठ । लामो टुपी पालेका पहेँलो वस्त्रधारी वटुकहरूको रुद्राभिषेक पाठसँगै सुरु हुने नियमित दैनिकीको चहलपहलले गुरुद्वाराको चहक सधैं उजेलिएकै हुन्छ । विद्यालयमा पछिल्ला पाँच वर्षयता महर्षि फाउन्डेसनको सहयोगमा अखण्ड रुद्राभिषेक हुँदै आएको छ ।

संस्कृत शिक्षा पढ्ने चाहले मधेस झरेका पहाडी दुर्गम जिल्लाका विद्यार्थी छात्रवासमा छन् । मुलुकका विभिन्न भेग र छिमेकी मित्रराष्ट्र भारतका वटुकहरू विगतदेखि गुरुकूल छात्रावासमा बस्दै आउने परम्परा नै हो । शिक्षाकै मुख्य ध्येयले गुरुद्वारा पुग्ने मुलुककै विभिन्न क्षेत्रका र मित्रराष्ट्र भारतका वटुकको आत्मीय र अनुशासित आहारव्यवहार मटिहानीवासीको सम्झनामा सधैं रहने गरेको छ ।

संस्कृत शिक्षा पढ्न पहाडबाट झरेका विद्यार्थी अनुशासित, सहृदयी र मिहेनती रहेका मटिहानीवासीको आम प्रतिक्रिया भेटिन्छ । 'गुरुकुलका वटुकको अनुशासन, नित्य रुद्राभिषेक पाठ र योगध्यानसहितका कक्षा हाम्रो चित्तमा सधैं रहने सम्झना हुन्,' गुरुकुल रहेकै महिटानी-७ का वडाध्यक्ष जीतनारायण माझी भन्छन् । फुर्सदका बेला बजार र बस्ती घुम्न निस्कँदा पहाडबाट झरेका विद्यार्थीको हुने विनम्र बोलीचाली र शिष्टाचारयुक्त व्यवहार यहाँका बासिन्दाका लागि आकर्षण हुने गरेको वडाध्यक्ष माझीको भनाइ छ । विकट पहाडी जिल्लाबाट मध्यपूर्वी तराईको भारतीय सीमावर्तीस्थित मटिहानी झरेका विद्यार्थी यसै ठाउँमा जन्मी हुर्की बढेका जस्तो उमेर बहिक्रमअनुसारको नाता लगाएर बोल्ने गरेका मटिहानीवासी बताउँछन् ।



केही दशकअघिसम्म खासगरी पूर्वी पहाडी जिल्लाहरू ओखलढुंगा, रामेछाप, खोटाङ, भोजपुर र संखुवासभाका ब्राह्मण परिवारका सन्तानको शिक्षा प्राप्तिको मुख्य थलो नै यही गुरुद्वारा थियो । साहित्य क्षेत्रमा विशिष्ट परिचय स्थापित गर्नेदेखि नेपालको प्रशासनिक क्षेत्रको सेवामा उत्कृष्ट बनेका उल्लेख्य संख्याका उच्चपदस्थ अधिकारी आफ्ना पूर्वशिष्य भनेर चिनाउन पाउने गौरव गुरुद्वारालाई रहेको मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डल बताउँछन् ।

आ-आफ्ना कार्यकालमा सबैको सेवा र समर्पण उत्कृष्ट रहे पनि मटिहानीको शैक्षिक विकासमा यहाँका बासिन्दा राजकीय संस्कृत माध्यमिक विद्यालय र श्रीराम माध्यमिक विद्यालयमा दीर्घसेवा दिएर अवकाश लिएका प्रधानाध्यापक अमिरीलाल मण्डललाई मटिहानीवासी आदरसाथ सम्झँदा रहेछन् । 'सबैले जिम्मेवारीमा छँदा योगदान दिएकै हुन्,' मटिहानीका सामाजिक, राजनीतिक कार्यकर्ता शंकर साह भन्छन्, 'यद्यपि, हाम्रो पुस्ताले अमिरीलाल मण्डल र लक्ष्मीनारायण मठका दिवंगत मानमहन्थ कौशलकिशोर दासलाई यहाँको शैक्षिक विकासमा आदरका साथ सम्झना राख्छन् ।'

करिब चार दशकअघिसम्म संस्कृत शिक्षाको प्रमुख गन्तव्य रहँदै आएको गुरुद्वारामा त्यसयता भने पहाडी वटुक स्वात्तै घटेका देखिन्छन् । यो क्रम धेरैपछि ७० को दशक (वि.सं. २०६०-७०) मा दैलेखले उल्लेख्य संख्यामा जोडेको प्रधानाध्यापक पौडेल सम्झन्छन् । वि.सं. २०६२ मा संस्कृत शिक्षाको मोहले दैलेखको दुल्लुबाट आएका विद्यार्थी देवर्षि नेपालले शिक्षाका लागि नेपाल-भारत सीमाक्षेत्र दशगजाबाट १०० मिटर दूरीभित्रको यो विद्यालयमा जोडेका साइनोले त्यसयता त्यहाँबाट ५० भन्दा बढी विद्यार्थी आइसकेको पौडेल बताउँछन् ।

विकट पहाडी जिल्लाबाट पढ्न मधेसको पनि भारतसँगै सीमा जोडिएको बस्तीमा आएका फरक मातृभाषी विद्यार्थीको संगतबाट मटिहानीका सर्वसाधारण पनि फरक भाषा, संस्कृतिसँग परिचित हुने गरेको उनको भनाइ छ । पहाडी भेगका विद्यार्थीसँगको हेलमेलले मटिहानीसँगै जोडिएको भारतीय बजार मधवापुरमा पनि नेपाली भाषा बुझ्ने बोल्ने प्रशस्त भेटिन्छन् । त्यसैगरी पहाडी विद्यार्थी पनि मिथिलाको स्थानीय भाषा मैथिली बोल्न पोख्त भएका छन् ।

वि.सं. १७७५ मा स्थापित भएको भनिएको यो विद्यालयको प्रमाणिक अभिलेख भने १८८२ सालदेखिको भेटिएको छ । राजकीय संस्कृत माध्यमिक विद्यालयसँगै जोडिएर भगवान् लक्ष्मीनारायण र महामुनि याज्ञवल्क्यका नाउँमा स्थापित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्याम्पस) मा स्नातक तहसम्मको उच्च शिक्षा लिन पाएपछि यहाँ पढ्न आउने विद्यार्थीलाई थप सजिलो भएको हो ।

विद्यालय परिसरमा पुग्ने विशिष्ट पाहुनाको स्वागतमा वटुक (छात्र) वैदिक मन्त्रोच्चारणले न्यानो स्वागत र स्वस्तिवाचन गर्छन् । विद्यालयको दैनिक तालिकामा बाँधिएको नियमले सबैलाई अनुशासनमा बाँधेको छ । 'बिहान उठ्ने, नित्यक्रियाबाट निवृत्त हुने, योगाभ्यास गर्ने, दैनिक रुद्री पाठ गर्ने, खाने, कक्षामा जाने, गृहकार्य गर्ने, घुम्ने, खेलकुद गर्ने र रात्रि विश्रामसम्मका सबै कामका निश्चित समय तालिका बाँधिएको छ,' मटिहानीकै बासिन्दा जिल्लाका अग्रज पत्रकार विन्देश्वरीप्रसाद मण्डल भन्छन्, 'गुरुकुलले शिक्षा र सामाजिक अनुशासनको ज्ञानसँगसँगै दिएको छ ।'

विद्यालयमा आयोजना हुने अतिरिक्त क्रियाकलापमा वक्तृत्वकला, गायन र मनोरञ्जनात्मक कार्यक्रम पनि समाविष्ट छन् । गायन, वक्तृत्वकला र सरसफाइ सचेततामा विद्यार्थी अब्बल देखिन्छन् । अन्य विद्यालयमा कक्षा ९ देखि माध्यमिक तह मानिए पनि यहाँ भने कक्षा ८ देखि नै माध्यमिक तह मानिन्छ । अहिले विद्यालयका कूल १०५ विद्यार्थीमा छात्राको संख्या ४० प्रतिशतको हाराहारी छ । अन्य माध्यमिक विद्यालयमा जस्तै पठनपाठन हुने अनिवार्य विषयका अतिरिक्त अनिवार्य संस्कृत र ऐच्छिक विषयमा संस्कृतभित्रका साहित्य, ज्योतिष, वेद, व्याकरण, न्याय र कर्मकाण्डमध्ये दुईवटा विषय पढ्न पर्ने व्यवस्था छ । तीन/चार दशक पहिलेसम्म भरिभराउ विद्यार्थी हुने यो विद्यालयमा संस्कृततर्फको रुचि घट्दै गएर विद्यार्थी संख्या पातलिएको प्रधानाध्यापक पौडेलको ठम्याइ छ ।

विद्यालयमा अध्ययन गर्ने ४४ जना छात्रछात्रालाई गुठी संस्थानले खानाबापत दाल, चामल र सागसब्जी, मसला, तेलभुटुन

**भारतसँग सीमा जोडिएको महोत्तरीको मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालय जातीय दृष्टिले मात्र नभई कैयन वर्षदेखि पहाड-मधेस सम्बन्धको सेतु पनि रहँदै आएको छ । करिब ३०५ वर्षको इतिहास बनाएको यो गुरुद्वारा (विद्यालय) मा संस्कृत विषयको अध्ययन मोहले आउने विकट पहाडी जिल्लाका वटुक (विद्यार्थी) को बाक्लो उपस्थितिले यो पहाड-मधेस सम्बन्धको सेतु रहँदै आएको प्रधानाध्यापक पौडेल बताउँछन् ।**

र इन्धनबापत नगद दिने गरेको छ । संस्कृत अध्ययनतर्फ रुचि बढाउन थप सुविधा विस्तार गर्नुपर्ने मटिहानीवासी बताउँछन् । टाढाटाढाबाट पढ्न आउने विद्यार्थीका लागि खाट, ओढ्ने ओछ्याउने लुगा र खाना व्यवस्थापनको कुरासम्म माँचांबाट चलेको प्रधानाध्यापक पौडेलको भनाइ छ । आफ्नो विद्यालयका छात्रछात्रा धेरैजसो अत्यन्त निर्धन परिवारका रहेका पौडेलले बताए ।

बालगुरु षडाननले समेत शिक्षा लिएको मानिने यो विद्यालय तश्मैया बाबा (तश्मैया नाउँका साधक, मुनि)ले स्थापना गरेर यसको सञ्चालन गुठीबाट हुने व्यवस्था मिलाएका मटिहानीका बूढापाका बताउँछन् । पछिल्लो समय शिक्षा मन्त्रालय, गुठी संस्थान र अन्य सम्बद्ध निकायको उदासीनताले पूर्वीय दर्शन र प्राचीन साहित्य अध्ययनको यो थलो क्रमशः आकर्षणविहीन बन्दै गएको यहाँका बासिन्दाको गुनासो छ ।

कुनै खास भूगोल क्षेत्र मात्र नभएर पूर्वीय वैदिक संस्कृतिको उज्यालो सबैतिर छर्दै आएको राजकीय संस्कृत माध्यमिक विद्यालय र याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठको संरक्षण र संवर्द्धनमा संघीय, प्रादेशिक र स्थानीय सहितका सरकारले चासो बढाउनुपर्ने माग अहिले बढेको छ । गत मंसिरमा राष्ट्रपति विद्यादेवी भण्डारीले अवलोकन गरेपछि विद्यालयबारे चासो बढेको पाइएको छ । *रासस*

## पत्र-मञ्जुषा

# पर्यटन प्रवर्द्धनको कार्यक्रम आवश्यक

कोरोना महामारीका कारण ठप्प बनेको नेपालको पर्यटन व्यवसाय विस्तारै लयमा फर्कन लागेको छ । विदेशी पर्यटकको आगमन बढ्न थालेको छ । त्यसैले पर्यटन क्षेत्रलाई अगाडि बढाउन पर्यटकहरूका लागि विशेष सुविधा दिन आवश्यक देखिन्छ । नेपालमा घुम्न आउने पर्यटकहरूमाथि विभिन्न क्षेत्रमा ठगी हुने गरेको छ । हवाई व्यवसायीले महँगो भाडा लिएर ठग्ने, होटलदेखि पर्यटकीय बसहरूले समेत विदेशी भनेपछि ठग्न सुरू गर्छन् । ट्रेकिङ गर्न पनि नेपालीलाई भन्दा चर्को शुल्क लिन्छन् ।

विदेशी पर्यटकको अहिले पहिलेको जस्तो चाप छैन । नेपालमा भएका केही पर्यटकलेसमेत राम्रो सेवासुविधा पाउन सकेका छैनन् । सरकारले पनि यसतर्फ ध्यान दिएको छैन । हरेक पाइलामा विदेशी पर्यटक ठगिएका छन् । उही सामान नेपालीलाई भन्दा दोब्बर मूल्यमा बेच्ने गरिन्छ । पर्यटकलाई गर्ने व्यवहार राम्रो छैन । विदेशीका लागि उचित सुरक्षाको व्यवस्था पनि मिलाइएको छैन ।

नेपालको भौगोलिक अवस्था अप्ठ्यारो भएकाले पर्यटकका लागि सहज हुने गरी पर्यटनमार्गहरू विस्तार गर्न सकिएको छैन । जसले गर्दा अपेक्षाकृत पर्यटकको संख्या बढ्न सकेको छैन । भौगोलिक जोखिमताका कारण कतिपय विदेशी पर्यटकको ज्यान जाने गरेका घट्नाहरू घटिरहन्छन् । यसमा सरोकारवाला र सरकारको ध्यान दिन जरुरी छ ।

पर्यटन मुलुकको विदेशी मुद्रा आम्दानीको मुख्य स्रोत हो । पर्यटन व्यवसाय खस्किएसँगै विदेशी मुद्रा नभित्रिँदा अर्थतन्त्र प्रभावित बनेको छ । नेपालको मुख्य आम्दानीको स्रोत भनेको पर्यटन नै हो भन्नेमा दुईमत छैन । पर्यटनको अथाह सम्भावना बोकेको मुलुकमा यसको विकास र प्रवर्द्धनका कुरा धेरै गरिन्छ । तर, प्रभावकारी काम हुन सकेको देखिँदैन । पर्यटकका लागि आवश्यक आधारभूत कुराहरूदेखि उनीहरूको सेवा सुविधाका कुरामा सरकारको ध्यान जानै पर्छ । किनभने, स-साना कुराले पनि पर्यटकलाई प्रभावित पार्न सक्छ । पर्यटकलाई नै हामीले राम्रो व्यवहार गर्न सकेनौं, उनीहरूलाई राम्रो सत्कार गर्न सकेनौं भने यो क्षेत्रलाई माथि उठाउन निकै चुनौती हुने निश्चित छ । अहिले नेताहरूले नेपाल श्रीलंका हुन्छ भनिरहेका छन् । देशलाई बचाउन बेलैमा सोच्न आवश्यक छ । विदेशी मुद्राको मुख्य स्रोत पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न विभिन्न योजना ल्याउन आवश्यक छ ।

पर्यटकहरूलाई नेपालमा आकर्षित गर्न उनीहरूका लागि विभिन्न सहुलियतका प्याकेजहरू ल्याउन सके पर्यटक आगमन बढाउन सकिन्छ । यसका लागि पर्यटन व्यवसायीहरूसँगको सहकार्यमा सरकारले काम गर्नुपर्छ । पर्यटन व्यवसायीहरूले पनि तत्कालको फाइदामात्र हेर्नेभन्दा दीर्घकालीन पर्यटन विकासमा ध्यान दिन आवश्यक देखिन्छ । पर्यटकबाट एकैपटक धेरै रकम लिएर फाइदा लिने भन्दा पनि उनीहरूलाई फेरि नेपाल आउने वातावरण निर्माणमा पर्यटन व्यवसायीको भूमिका महत्त्वपूर्ण हुन्छ । पर्यटकलाई खुसी बनाएर पठाएको खण्डमा उनीहरू दोहोरिएर नेपाल आउँछन् । जसको फाइदा व्यवसायी र मुलुककै लागि हो । यसका साथै, त्यसरी आउने पर्यटकलाई अरुलाई पनि नेपाल आउन प्रेरित गर्ने छन् । 'अतिथि देवो भवः' भन्ने नेपाली उक्तिलाई व्यवहारमा कार्यान्वयन गर्ने हो भने पर्यटन प्रवर्द्धनमा हामीले त्यति ठूलो मिहेनत गर्नुपर्ने छैन । यसबाट मुलुकले चौतर्फी लाभ उठाउन पाउनेछ ।

*राजु मगर, काभ्रे*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## पूर्वप्रधानमन्त्री नेपालले भने-
# जनता ठगीमा नपरुन्

■ प्रभाव संवाददाता

**रौतहट–** पूर्वप्रधानमन्त्री एवं नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले जनता बारम्बार ठगीमा पर्ने गरेको घारणा राखेका छन् ।

रौतहटका विभिन्न नगरपालिकाहरूमा निर्माण हुने महत्त्वपूर्ण सहरी पूर्वाधार हरूको शिलान्यासका क्रममा रौतहट पुगेका नेपालले गौरमा आयोजित समारोहमा सो धारणा राखेका हुन् । उनले गौर नगरपालिका-२ मा तीनसय दर्शक क्षमताको टाउन हलको शिलान्यास गर्दै रौतहटको समग्र विकासका लागि आफू सदैव लागिरहेको बताए । सदरमुकाम गौरको विकासका लागि यी योजनाहरूले महत्त्वपूर्ण भूमिका खेल्ने उनले बताए ।

सहरी विकासमन्त्री मेटमणि चौधरीले सरकारले रौतहटको विकासका लागि विभिन्न योजनाहरू राखेको र शिलान्यास भएका सबै योजनाहरू समयमै सकिने धारण राखेका थिए । टाउनहल, विवाह भवन, सबगढा, टिकुलिया र सिर्सियामा निर्माण हुने सडकहरू समयमै सम्पन्न गर्नका लागि सघन शहरी तथा भवन निर्माण आयोजनाले काम गर्ने मन्त्री चौधरीले बताए ।

सहरी विकास मन्त्रालयको आर्थिक वर्ष २०७९/ ०८० को वार्षिक विकास कार्यक्रम अनुसार विनियोजित सहरी पूर्वाधार निर्माण अन्तर्गत गौर नगरपालिका -२ मा सभाहल, राजदेवी र गौर नगरपालिकाका विभिन्न सडक कालोपत्रे तथा ढलानसम्मका योजनाहरू रहेका छन् ।

गौरमा बन्ने सभाहलको अनुमानित लागत २० करोड रहेको छ । ५०० सिट क्षमताको सभा हल करिब ६ कट्ठा क्षेत्रफलमा बन्ने छ । वातावरण मैत्री, अपांगमैत्री, भूकम्प प्रतिरोधी, आपतकालीन द्वारहरू, वाटर फाउन्टेन सहित सुन्दर पार्क समेत रहने छ भने २४ महिना भित्र निर्माण कार्य सम्पन्न गरिने जनाइएको छ ।

त्यसैगरी गौर नपा-४ टिकुलिया मठदेखि तटबन्धसम्म र ट्रान्फर्मर चोकदेखि मुडवलवासम्म सडक कालो पत्रे तथा सडक ढलान गर्न १२ करोड, रामजानकी विवाह मण्डप निर्माणका लागि करिब ८ करोडका योजना रहेका छन् भने राजदेवी नगरपालिका १ देखि ९ सम्मका विभिन्न स्थानका सडक कालोपत्रे तथा ढलानका लागि ५ करोड छुट्याइएको छ ।

शिलान्यास समारोहमा संघीय संसदको विकास तथा प्रविधि समितिका सभापति कल्याणी कुमारी खड्का, संघीय सांसद सरला यादव, मधेष प्रदेश सरकारका मन्त्री तथा प्रदेश सभाका सदस्यहरूको विशेष उपस्थिति थियो ।

# बाढी र पहिरोका कारण नासिँदै छ रूपसेको सौन्दर्य

■ ध्रुवसागर शर्मा

**गलेश्वर–** अन्नपूर्ण चक्रीय पदमार्गको प्राकृतिक रूपमै आकर्षक पर्यटकीयस्थल रूपसे झरनाको सौन्दर्य बर्सेनी आउने बाढीपहिरोको कारण नासिँदै जान थालेको छ । उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दानामा पर्ने यो झरना अत्यन्तै आकर्षक र मनमोहक थियो । तर, विसं २०७७ साउन ५ गते सोमबारको भीषण वर्षापछि आएको बाढीले रूपसेको सौन्दर्य विगारेपछि त्यसयता झरनाको प्राकृतिकस्वरूप नासिँने क्रम बढ्दै गएको हो । समुद्री सतहबाट झण्डै एक हजार आठ सय मिटरको उचाइको यो झरना कालीगण्डकीको खोंचले बनाएको संसारकै गहिरो अन्धगल्छीदेखि केही माथि रहेको छ ।

यस झरनाले हुलाक टिकटमासमेत स्थान पाइसकेको छ । हिमालपारीको जिल्ला मुस्ताङ जाने बेनी-जोमसोम सडकखण्ड अन्तर्गत पर्ने यस अन्धगल्छीमा मुस्ताङ आवतजावत गर्ने पर्यटक पुगेर अवलोकन गर्ने गर्दछन् । विश्वमै शालिग्राम पाइने एकमात्र पवित्र कालीगण्डकी नदीले निर्माण गरेको अन्धगल्छीको गहिराई ६ हजार ९६७ मिटर रहेको छ । संसारको सातौँ अग्लो चुचुरो धौलागिरी र अन्नपूर्ण हिमालको बीचमा अवस्थित यो गल्छी समुद्री सतहबाट एक हजार २०० मिटरको उचाइमा अवस्थित छ । गल्छीको अवलोकन गर्न दैनिक रूपमा आन्तरिक एवं बाह्य पर्यटक त्यहाँ पुग्ने गरेका छन् ।

म्याग्दी सदरमुकाम बेनीबजारदेखि ३० किलोमिटर उत्तरमा पर्ने रूपसे तथा अन्धगल्छी पुग्न यातायातका साधनमार्फत करिब तीन घण्टा र पैदल करिब एक दिनको यात्रा तय गर्नुपर्छ ।

बेनी-जोमसोम सडकखण्ड अन्तर्गत पर्ने अन्धगल्छी र रूपसे झरनामा बेनीबाट सवारीसाधनमार्फत तीन घण्टामा सजिलै पुग्न सकिन्छ । मुस्ताङ जाने पर्यटक सवारी रोकेर यस झरनामा फोटो खिच्छन् ।

रूपसेमा रमाउने योजना बनाएका हजारौँ आन्तरिक तथा बाह्य पर्यटकले २०७७ साउनयता भने यसको पुरानो सौन्दर्यलाई देख्न पाएका छैनन् । विसं २०७७ साउनमा रूपसेमा आएको बाढीले झरनाको सौन्दर्य मात्र होइन एक होटेल, पुल र स्काभेटर समेत बगाएको थियो ।

झरनामा आएको बाढीले गोल्ड ल्याण्ड वाटर फल होटेल, गजुरमुखी कम्पनीको एउटा स्काभेटर मेसिन, बस र पुल बगाएपछि त्यस क्षेत्रको सुन्दरता नै उजाडिएको स्थानीयवासी कृष्णबहादुर पुनले बताए । पुनका अनुसार अब रूपसे झरनालाई पुरानै स्वरूपमा फर्काउन निकै श्रम र लगानीको आवश्यक पर्ने भएको छ ।

अहिले रूपसे झरना उजाड र कुरूप बनेको उनको भनाइ छ । विसं १९७५ मा ७५ पैसाको हुलाकी टिकटमा रूपसेको फोटो टाँसिएको थियो । अहिले प्रचलनमा नरहे पनि रूपसेको प्रचारप्रसार त्यतिखेर देखिनै भएको स्थानीय बृद्धले बताएका छन् ।

'रूपसे झरनामा रमाउन गण्डकी प्रदेशबाट मात्रै होइन देश विदेशबाट आएका मानिसकोसमेत भीड हुने गर्दथ्यो', दानाका पर्यटन व्यवसायी इन्द्रसिंह शेरचनले भने, 'पुलनजिकै गाडीको भीड हुन्थ्यो, झरनाको दायाँबायाँको भागमा मानिस रमाउँदै तस्वीर लिन तछाडमछाड गर्दथे, अब त्यो सबै एकादेशको कथा जस्तै बन्यो ।'

विसं २०७५ यता हिमाली जिल्ला मुस्ताङमा स्थलमार्ग हुँदै भ्रमणमा जाने आन्तरिक पर्यटकको संख्या उल्लेख्य रूपमा बढेको थियो । ती पर्यटक रूपसे झरना देखेर लोभिने गरेका थिए । 'तर, बाढीले रूपसेको चीरहरण गरिदिएपछि सबैको सपना भताभुङ्ग भएको छ ।' पर्यटन व्यवसायी शेरचनले भने । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JMRAN OPERTAION & MAINTENANCE

पूर्व स्वीकृति मिति : २०७९/०१/१६ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०४/१७ | LT. No.261048 | चलानी नं. ६०१७२३०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 72 | 0 | 1000 | ३३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:साउन २५ गते (10th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.** ISHAN OVERSEAS | श्रम ईजाजत नं. ५३२/२०६१/०६२

Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RABIGH MODERN COMPANY LTD

पूर्व स्वीकृति मिति २०८/०९/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०४/१७ | LT. No. 254896 | चलानी नं. ६०१७८६२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 4 | 0 | 1300 | ४३,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: साउन २५ गते (10th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.** श्रम ईजाजत नं. ११८२/०७३/७४

Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JOY CAFE RESTAURANT

पूर्व स्वीकृति मिति : २०७९/०४/१५ | LT. No.268280 | चलानी नं.६०१७७४२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook Helper | 22 | 0 | 130 | ५३,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: साउन २५ गते (10th Aug. 2022)at 9:30 A.M. मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.** श्रम ईजाजत न .७९७/०६५/०६६

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FRESH PP INDUSTRY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/१७ | LT. No. 268472 | चलानी नं.६०१८४४००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 2 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WATTA STONE MARKETING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/१७ | LT. No. 268471 | चलानी नं.६०१८४३९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 2 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन २५ गते (10th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**कैलाश इन्टरनेशनल म्यानपावर प्रा.लि.** श्रम ईजाजत नं. ३१७/०५९/०६०

रानीबारी मार्ग, सामाखुसी-३, काठमाडौं, मो.: ९८०८४९०९००, फोन नं.: ४३५७७३४, ४३८१९२२, ४३८३९४४,
Email: manpowerkailash@gmail.com,infokailashmanpower.com.np, Web: www.kailashmanpower.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VINTRY CELLARS SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०४/१७ | LT. No. :268512 | चलानी नं. ६०१८४३८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Sector | 100 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WSA VENTURE AUSTRALIA (M) SDN. BHD

पूर्व स्वीकृति मिति : २०७९/०४/१७ | LT. No. :268422 | चलानी नं. ६०१८४३८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 100 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:साउन २५ गते (10th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068

Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ATLAS DISTINGUISHED COMPANY FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति २०७९/०२/२० | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०४/१६ | LT. No. 264258 | चलानी नं. ६०१८०४०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 0 | 1000 | ३३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Coffee Maker | 1 | 0 | 1200 | ४०,२५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन २४ गते (9th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनले पनि सभामुख पेलोसीको भ्रमण अगाडि बढेको अवस्थामा चीनलाई जिम्मेवार ढंगले काम गर्न आग्रह गरेका छन् । यदि उनले भ्रमण गर्ने निर्णय गरेमा चीनले कुनै प्रकारको संकट सिर्जना गर्ने वा अन्यथा तनाव बढाउने प्रयास गरेमा त्यो पूर्णरूपमा बेइजिङको जिम्मेवारी हुने बताएका छन् । उनले न्युयोर्कमा संयुक्त राष्ट्रसंघको प्रधानकार्यालयमा पत्रकारहरूलाई सम्बोधन गर्दै सभामुख पेलोसीले ताइवान भ्रमण गर्ने निर्णय गरेमा जिम्मेवार भएर प्रस्तुत हुन र द्वन्द्व चर्काउने गतिविधि नबढाउन बेइजिङलाई अनुरोध गरे ।

अमेरिकी अधिकारीहरूले भने सभामुख पेलोसीले ताइवानको भ्रमण गरेमा अमेरिकी सेनाले एसिया–प्रशान्त क्षेत्रमा आफ्नो सेनाको गतिविधि बढाउने बताएका छन् । सैनिक कारबाही तथा सञ्चालनबारे जानकारी दिँदै एकजना अमेरिकी अधिकारीले नौसेनाको विमानवाहक युएसएस रोनाल्ड रेगन र त्यसबाट प्रहार गर्ने दस्ता सोमबार फिलिपिन्स सागरमा तैनाथ गरिएका बताएका छन् । रडार प्रणाली, लडाकु जेट, हेलिकप्टर र अन्य अत्याधुनिक हातहतियारसहितका रेगन, क्रुजर युएसएस एन्टिएटम र युएसएस हिगिन्स सिंगापुरको बन्दरगाहबाट आफ्नो स्थायी शिविर जापानतर्फ लागेका उनले बताए । सन् १९४९ मा कम्युनिस्टहरूले मुख्य भूमिमा गृहयुद्ध जितेर ताइवान र चीन छुट्टिएका हुन् । बेइजिङलाई चीनको सरकारको रूपमा मान्यता दिए पनि अमेरिकाले ताइवानसँग अनौपचारिक रक्षासहित अन्य सम्बन्ध कायम राखेको छ । बेइजिङले ताइवानसँगको अमेरिकीसम्पर्कलाई द्वीपको दशकौं पुरानो स्वतन्त्रतालाई स्थायी बनाउन प्रोत्साहन गरेको मानेको छ भने अमेरिकी नेताहरूले त्यसलाई समर्थन नगरेको बताएका छन् ।

सभामुख पेलोसीले सोमबार सिंगापुरबाट एसियाली राष्ट्रको भ्रमण सुरु गरे पनि उनको सम्भावित ताइवान भ्रमणले यस क्षेत्रमा सनसनी मच्चाएको छ । सिंगापुरका प्रधानमन्त्री ली सिएन लुङले पेलोसीसँगको वार्तामा क्षेत्रीय शान्ति र सुरक्षाका लागि स्थिर अमेरिका–चीन सम्बन्धमा जोड दिएका थिए ।

जापानका विदेशमन्त्री योशिमासा हयाशीले पनि सिंगापुरका प्रधानमन्त्रीको अभिव्यक्तिको समर्थन गर्दै दुई प्रतिद्वन्द्वी शक्तिबीचको स्थिर सम्बन्ध अन्तर्राष्ट्रिय समुदायका लागि अति महत्त्वपूर्ण हुने बताएका छन् ।

फिलिपिन्सले अमेरिका र चीनलाई यस क्षेत्रमा ‘जिम्मेवार नायक’ हुन आग्रह गरेको छ । विदेश मन्त्रालयका प्रवक्ता टेरेसिटा डाजाले थप तनावबाट जोगिन अमेरिका र चीनले निरन्तर सञ्चार सम्पर्क सुनिश्चित गर्नुपर्नेमा जोड दिएका छन् । *रासस/एपी*


**FREE VISA, FREE TICKET !!!!**

## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ABDUL HADI BIN ABDULLAH BIN HAMAD AL MARRI PETROL STATION**

पूर्व स्वीकृति मिति : २०७८/१२/२१ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०४/१७ LT. No.260738 चलानी नं. ६०१७७२६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fuel Seller | 5 | 0 | 1200 | ४०,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

कम्पनी : **LCK VEGETABLE TRADING**

पूर्व स्वीकृति मिति : २०७९/०४/१६ LT. No.268439 चलानी नं. ६०१८४३३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture | 4 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः साउन २५ गते (10th Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०५०/०७३/०७४

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653,
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL KAFEZ TRADING AND CONTRACTING**

पूर्व स्वीकृति मिति : २०७९/०४/१७ LT. No.268375 चलानी नं. :६०१८४३८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 3 | 0 | 1100 | ३८,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 2 | 0 | 1100 | ३८,०७० | | | | | | | |
| 3 | Painter | 7 | 0 | 1100 | ३८,०७० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

कम्पनी : **ABDUL AZIZ A. ABU BUSHAIT & PARTNERS COMPANY**

पूर्व स्वीकृति मिति : २०७८/१०/१८ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०४/१७ LT. No.257349 चलानी नं. :६०१७३८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Metal Scaffolding Installation Labor | 1 | 0 | 1200 | ४०,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः साउन २५ गते (10th Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**

Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **WAN AN (M) SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०४/१६ LT. No. 268453 चलानी नं. ६०१८४२९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **HEXAMAX ENTERPRISE**

पूर्व स्वीकृति मिति २०७९/०४/१७ LT. No. 268508 चलानी नं. ६०१८४३६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture | 30 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **JUSEN PLASTIC SDN.BHD.**

पूर्व स्वीकृति मिति २०७९/०४/१७ LT. No. 268484 चलानी नं. ६०१८४३७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 20 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **YAMAZAKI SEIGA (M) SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०४/१७ LT. No. 268507 चलानी नं. ६०१८४३६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 50 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **POLYTAINER INDUSTRIES SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०४/१७ LT. No. 268506 चलानी नं. ६०१८४३७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 30 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः साउन २५ गते (10th Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **OLD FOREST CAFE**

पूर्व स्वीकृति मिति २०७९/०४/१७ LT. No. 268279 चलानी नं. ६०१८४३९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Sector | 15 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **TVON TEXTILE RECYCLEING SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०४/१६ LT. No. 268423 चलानी नं. ६०१८४३५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 20 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः साउन २५ गते (10th Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GREATER VISION OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. २८२/०५८/०५९

Gaushala KTM, Nepal, Tel: +977-1-4480285, Fax: +977-1-4469772



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SEONG THYE PLANTATIONS SDN.BHD.**

पूर्व स्वीकृति मिति २०७९/०४/१६ LT. No. 268063 चलानी नं. ६०१८४३३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 25 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **SEONG THYE PLANTATIONS SDN.BHD.**

पूर्व स्वीकृति मिति २०७९/०४/१६ LT. No. 268064 चलानी नं. ६०१८४३३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 25 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **SINGH MANAGEMENT SERVICES SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०३/०३ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०४/१७ LT. No. 265103 चलानी नं. ६०१८१२४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 3 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा, मितिः साउन २५ गते (10th Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु १५,०००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Sama International Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ८६६/०६६/०६७

LALITPUR -07 GARWKO LALITPUR , Nepal.Phone : +977-1-5204072, Fax : +977-1-4490538
Email : allsamaoffice2010@gmail.com, devraj1974@gmail.com, Website : www.alsamainternational.com



## ओमन/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL ARKAN FUNDAMENTAL**

पूर्व स्वीकृति मिति २०७९/०२/२५ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०४/१७ LT. No. 264568 चलानी नं. ६०१८४५७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Painter | 1 | 0 | 140 | ४५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Painter Assistant | 1 | 0 | 140 | ४५,८८० | | | | | | | |
| 3 | Tile Layer Assistant/helper | 1 | 0 | 140 | ४५,८८० | | | | | | | |
| 4 | Tile Polisher | 1 | 0 | 140 | ४५,८८० | | | | | | | |

कम्पनी : **AL ETQAN REAL ESTATE COMPANY**

पूर्व स्वीकृति मिति २०७९/०४/१६ LT. No. 268344 चलानी नं. ६०१८४३५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Worker | 8 | 0 | 1000 | ३३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ADVANCED INTERNATIONAL TRADING COMPANY**

पूर्व स्वीकृति मिति २०७९/०४/१७ LT. No. 268039 चलानी नं. ६०१८४३५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 6 | 0 | 1300 | ४३,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ADVANCED INTERNATIONAL TRADING COMPANY**

पूर्व स्वीकृति मिति २०७९/०४/१७ LT. No. 268038 चलानी नं. ६०१८४३५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 3 | 0 | 1300 | ४३,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **PAK ZAIB CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति २०७९/०४/१६ LT. No. 268348 चलानी नं. ६०१८४३१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1000 | ३३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा, मितिः साउन २५ गते (10th Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार–सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९५६०० | प्रति तोला - ९५१०० | प्रति तोला - १२२० |

## 'युवालाई उत्पादनमुखी काममा लगाऔं'




■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री जनार्दन शर्माले आयातमा भर परेको अर्थतन्त्रलाई आन्तरिक उत्पादनमा आधारित अर्थतन्त्रमा बदल्ने लक्ष्य बोकेर बजेट ल्याइएको र त्यसले किसानको भूमिकालाई माथि उठाउने बताएका छन् ।

अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी)द्वारा मंगलबार राजधानीमा आयोजित ३०औं किसान शहीद दिवस तथा ६९औं भीमदत्त पन्त स्मृति दिवस समारोहलाई सम्बोधन गर्दै अर्थमन्त्री शर्माले कृषिमा आधारित उद्योगमार्फत देशमा कृषि उत्पादनमा आत्मनिर्भरता बढाउने र औद्योगिक उत्पादनमार्फत आयात प्रतिस्थापन गर्ने नीति सरकारको रहेको जानकारी दिए ।

त्यसका लागि किसानको भूमिका ठूलो हुने उनको भनाइ छ । 'म किसान नेतालाई आह्वान गर्न चाहन्छु, तपाइँहरूको अगुवाइमा अबको उत्पादन अभियान अघि बढोस्, काठमाडौंमा आयात हुने तरकारी वरिपरिका जिल्लाले पूर्ति गर्ने गरी अभियान चलाउनुहोस्', अर्थमन्त्री शर्माले भने, 'बुढा किसान खेतबारीको डिलमा उभिनुहोस्, युवा किसानलाई उत्पादनमुखी काममा लगाउनुहोस् ।'

उनले श्रम, स्रोत र प्रविधिको परिचालनबाट मात्रै मुलुकलाई समृद्धि पार्न सकिने बताए । लघुवित्तले अब सहुलियतपूर्ण ऋण दिने कुरा संसद्ले पारित गरेको जानकारी गराउँदै अर्थमन्त्री शर्माले किसानको घर-खेतमा गएर सहुलियत ऋण लगानी गर्ने कुरा पनि अघि बढाइएको र किसान पेन्सनको कुरा अघि बढाइएको सुनाए । उनले आजको राष्ट्रियता भनेको सबल अर्थतन्त्र हो भने ।

अर्थमन्त्री शर्माले उत्पादन वृद्धिमा लाग्न आह्वान गर्दै आत्मनिर्भर अर्थतन्त्रमा लाग्यो भने मात्रै भीमदत्त पन्तको सपना पूरा हुने बताए । तर आयात गरेर खाइरहनुपर्ने विडम्बनापूर्ण अवस्था रहेको उनले बताए । 'हामी अहिले पनि तरकारी आयात गरेर खाइरहेका छौं, जबकि यतिबेला मुलुकले निर्यात गर्नुपर्ने थियो', अर्थमन्त्री शर्माले थपे ।

उनले आत्मनिर्भर र उत्पादन वृद्धिका लागि भूमिहीनलाई जमिन उपलब्ध गराई उत्पादनमा जोड्नुपर्ने, पूँजी नहुनेलाई पूँजी दिएर उत्पादनमा लगाउनुपर्ने, औजार नभएकालाई औजार दिएर र श्रमिकलाई तामिल दिई श्रममा जोड्नुपर्ने आवश्यकता औंल्याए । यसका लागि नेपालमा सबै उपलब्धता रहेको र त्यसलाई सही व्यवस्थापन र प्रयोगमा उनको जोड थियो ।

उनले भीमदत्तले सुरु गरेको भूमिसुधारको अवधारणा अझै पूरा नभएकाले सबै मिलेर पूरा गर्नुपर्ने बताए । परिवर्तनशीललाई पश्चगामी तत्वले रोक्न सक्नेतर्फ सचेत हुन पनि उनले आग्रह गरे ।

## नेप्सेमा सामान्य 'करेक्सन'

### २ अंकले परिसूचक घट्दा सवा ३ अर्बको कारोबार

■ प्रभाव संवाददाता




**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार झिनो अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २.७६ अंकले ओरालो लागेर दुई हजार १९३.४८ मा ओर्लेको हो । ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ओरालो लागेर ४२१.१३ मा ओर्लेको छ ।

कूल २१७ कम्पनीको ७८ लाख १३ हजार १०२ कित्ता सेयर रु तीन अर्ब २९ करोड ३२ लाख ३४ हजार ७०६ मूल्यमा खरिद बिक्री भए । नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूहमध्ये मंगलबार छ उपसमूहको सेयर मूल्यमा उकालो लागेको छ भने सात उपसमूहको सेयर मूल्य भने गिरावट भएको छ ।

व्यापार ४३.४२, जलविद्युत् २८.२९, वित्त २४.२८, उत्पादन ०.९२, लघुवित्त ४१.६६ र सामूहिक लगानी कोष ०.०३ अंकले उकालो लागेका छन् । यस्तै, बैंकिङ ६.२६, होटल तथा पर्यटन २८.३२, विकास बैंक २२.३५, निर्जीवन बिमा ७.६६, अन्य १७.३१, जीवन बिमा ६२.६३ र लगानी ०.४४ अंकले ओरालो लागे ।

मङ्गलबारको कारोबारपछि बजार पूँजीकरण रु ३१ खर्ब ३२ अर्ब १६ करोड ५० लाख ६५ हजार ९६० बराबर रहेको छ । कारोबारका आधारमा शिवम सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु २९ करोड ३२ लाख २७ हजार १५६ बराबरको कारोबार भयो ।

हिमालयन डिस्टिलरी रु नौ करोड ९५ लाख ४३ हजार ७२५, फरवार्ड माइक्रो फाइनान्स रु नौ करोड २४ लाख ७३ हजार १५३, गुडविल फाइनान्स रु नौ करोड चार लाख ३० हजार ८३६ र युनाइटेड इदी मर्दी आरबी हाइड्रोपावर रु सात करोड ६० लाख नौ हजार बराबरको कारोबार भयो ।

नेप्सेका अनुसार विन्दबासिनी हाइड्रोपावर ९.९९, समालिङ पावर कम्पनी ९.९८, हिमाल दोलखा हाइड्रोपावर ९.९७, रिभर फल्स पावर ८.५३, फरवार्ड माइक्रो फाइनान्सका लगानीकर्ताले ७.६९ प्रतिशतले कमाएका छन् ।

त्यस्तै, राष्ट्र उत्थान लघुवित्त ४.२४, गुडविल फाइनान्सको ऋणपत्र ३.९५, किसान लघुवित्त ३.९०, गणपति लघुवित्त ३.६४ र सपोर्ट माइक्रो फाइनान्सका लगानीकर्ताले ३.३८ प्रतिशतले गुमाएका छन् ।

## ट्रेडमार्क चोरी मुद्दामा सरकार गम्भीर बनेन

**काठमाडौं (प्रस)–** सरकारले बहुराष्ट्रिय कम्पनीको ट्रेडमार्क चोरीको मुद्दामा सरकार गम्भीर नबन्दा नेपालमा लगानी नआएको उद्योगीहरूले बताएका छन् । नेपालमा बहुराष्ट्रिय कम्पनीको ट्रेडमार्क चोरी गरेर दर्ता गरि सामान उत्पादन गर्ने क्रममा बृद्धि भएपछि विदेशी लगानीकर्ताले सो बारे चिन्ता व्यक्त गरेको समेत उद्योगीहरूको भनाइ रहेको छ ।

सो सम्बन्धमा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडुलाई भेटेर बौद्धिक सम्पत्तिको अधिकारमा नेपाल कमजोर भएकै कारण विदेशी लगानी आउन नसकेको नेपालमा लगानी गरिरहेका बहुराष्ट्रिय कम्पनीका प्रतिनिधिले बताएका हुन । नेपाल-भारत उद्योग वाणिज्य संघको टोलीले मन्त्री बडुलाई भेटेर सो यो चिन्ता व्यक्त गरेका छन् । उनीहरूले १० वर्षदेखि बौद्धिक सम्पत्तिको विषयमा छलफल भए पनि नेपालले कडा कानुन नल्याएकाले सो क्रम नियन्त्रण हुनेभन्दा पनि झन् मौलाउदै गएको बताएका छन् ।

संघका उपाध्यक्ष हरकिरत सिंह बेदीले बौद्धिक सम्पत्ति सम्बन्धि कानुनमा सुधार नगरे विदेशी लगानी ल्याउन कठिन हुने बताए । तर कानुनको अभावमा ती कम्पनीलाई कारवाही गर्न सरकारले सकेको छैन । बौद्धिक सम्पत्तिका बारेमा विदेशमा सबै जना सजग भएपनि नेपालमा भने सरकारी अधिकारी समेत सजग नहुँदा यो समस्या झन बल्झिदै गएको बताइएको छ ।

ट्रेडमार्कको होम रजिष्ट्रेसन, विदेशी कम्पनीबाट लिएको सेवा वापतको भुक्तानी र कन्ट्रयाक्ट म्यानुफ्याक्चरिङका समस्याका बारेमा जानकारी गराइएको संघले जनाएको छ । इण्डियन बिजनेस फोरमका सहसंयोजक सैवाल घोष, महानिर्देशक केशवमान सिंह र उपमहानिर्देशक मार्शल राठौरले सो समस्यालाई नेपाल सरकारले विशेष ध्यान दिई तत्काल ऐन कानुन बनाएर कार्यान्वयनमा ल्याउनु पर्नेमा सुझाब समेत दिएका छन् ।

## जायजेथा बेचेर बचत रकम फिर्ता गर्छु : *गौतम*

**काठमाडौं (प्रस)–** गौतमश्री बहुउद्देशीय सहकारी संस्थाका अध्यक्ष रामबहादुर गौतमले सो सहकारीमा जम्मा गरेको अर्बौं रूपैयाँ बोकेर फरार भएसंगै अहिले उनी भुमीगत नै भएका छन् ।

अर्बौं रूपैयाँ बोकेर भारत पसेका गौतमलाई नियन्त्रणमा लिई सहकारी विभ(ागमा बुझाई दिनकालागि प्रहरी प्रशासनमा पत्र लेखेपछि उनीले भुमीगत रूपमै विज्ञप्ति निकालेर सञ्चारमाध्याममाथी नै खनिएका छन् । उनले मंगलबार जारी गरेको विज्ञप्तिमा लेखेका छन्,'आफ्नो जायजेथा र सम्पत्ति बेचेर भएपनि बचतकर्ताको रकम फिर्ता गर्ने छु ।'

भुमीगत रूपमा बसेर जारी गरेको विज्ञप्तिमा अध्यक्ष गौतमले रकम फिर्ता गर्न नसकेर भागेको नभई अन्य व्यावसायिक कार्यको लागि भारत गएको समेत उल्लेख गरेका छन् । उनले सो विज्ञप्तिमा सोमबार नै भारतबाट नेपाल फर्किसकेको र सहकारीको समस्या समाधानका लागि सक्रिय रहेको बताएका छन् ।

सो सहकारीका अध्यक्ष गौतमसहित अन्य व्यवस्थापकहरूले १ हजार १ सय ४५ जना बचतकर्ताको रकम बोकेर फरार भएपछि सहकारी विभागमा संस्थाविरुद्ध ठगीको उजुरी गरेको भोलिपल्ट गौतमले विज्ञप्ति जारी गरेका छन् । उनले कोभिड-१९ महामारीका कारण लगानी भएको केही कर्जामा समस्या रहेको भन्दै आएका छन् ।

## ग्राण्डी अस्पतालबाटै अनधिकृत कारोबार

**काठमाडौं (प्रस)–** लामो समयदेखि विवादमा रहेको ग्राण्डी अस्पताल विद्यमान ऐनलाई लत्याउदै अनधिकृत रूपमा कारोबार हुदै आएको पाइएको छ । ज्योति समूहलाई दिनुपर्ने रकम भुक्तानी दिन अटेर गरेका कारण अदालतले रोक्का गरेको बैंक खाताबाट ग्राण्डी अस्पतालको संस्थापन समूहले सो अनधिकृत रूपमा कारोबार गर्दै आएको आरोप लागेको छ । सस्थापन पक्षले राजनीतिक पहुँचका आधारमा खाता बन्द भएपनि खुलाएर कारोबार गरेपछि दुई समूहबीच विवाद झन चर्किंदै गएको छ ।

जिल्ला तथा उच्च अदालतको आदेशबाट रोक्का भएको बैंक खाता अस्पतालको दीपक कुँवर नेतृत्वले अनधिकृतरूपमा खाताबाट कारोबार गर्दै आएको बताइएको छ ।

कुँवर नयाँ बसपार्कको सरकारी जग्गालाई ऐन विपरीत भाडामा लिएर अर्बौं रूपैयाँ भ्रष्टाचार गरेको प्रकरणमा मुछिएका व्यक्ति हुन् । उनले ग्राण्डी अस्पताल नियन्त्रण गरेर अस्पतालको सबैभन्दा ठूलो लगानीकर्ता ज्योति समूहलाई समेत हटाएर अस्पताल कब्जामा लिएको आरोप लागेको छ ।

ज्योति समूहका रूप ज्योतिले २५ प्रतिशत लगानी गर्ने लगानीकर्तालाई उपेक्षा गरेर १० प्रतिशत समेत लगानी नभएकाले अस्पताल कब्जा गर्ने र अदालतको आदेशलाई अनादर गर्दै जालझेल गरेर कुबर समुहले बैंक खाता सञ्चालन गरि आर्थिक हिनामिना गरेको आरोप लागेको छ । यस सम्बन्धमा पटकपटक दीपक कुबरलाई फोन सर्म्पक गर्दा उनी सर्म्पकमा आउन चाहेनन् ।

अस्पताल नाफामा हुँदाहुँदै ग्राण्डी अस्पताल कब्जा गरेर बसेको समूहले विभिन्न बहाना बनाएर ज्योति समूहलाई ऋण सापटीबापतको करोडौं रकम दिन आनाकानी गर्दै आएको छ । रकम नदिने र अस्पतालको सञ्चालक समितिबाट ठूलो लगानीकर्तालाई हटाउने भएपछि ज्योति समूह न्यायका लागि अदालत गरेको थियो ।

अदालतले रोक्का गरेको बैंक खाता कसरी उनीहरूले सञ्चालन गरे ? यो गम्भीर विषय हो भन्दै रूप ज्योतिले अदालतको आदेश विपरीतका गैरकानुनी गतिविधिले ग्राण्डी कब्जा गर्ने हालको समूह सबै कारोबार गरिरहेको गरेको सुचना आफूले पाएको बताए । अदालतले अस्पतालको आय विवरण माग्दा समेत अहिलेसम्म दिएको छैन ।

## आयात कडाइ गर्दा भन्सार महसुलमा गिरावट

■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)–** सरकारले विदेशी पैसाको संञ्चितमा भएको गिरावटलाई रोक्ने उदेश्यले गरेको आयातको कडाइका कारण भन्सार महशुलमा भने ठूलो परिमाणमा गिरावट आएको छ ।

विभागबाट प्राप्त विवरण अनुसार गत आर्थिक वर्ष २०७८/७९ मा राजस्व र अन्य प्राप्तिबाट ११ खर्ब ८० अर्ब ६ करोड रूपैयाँ संकलनको लक्ष्य राखेको थियो । तर, आर्थिक वर्षको अन्त्यसम्म सो संकलन ११ खर्ब १६ अर्ब ४१ करोड ७६ लाख रूपैयाँ बराबरकोमात्रा भएको उल्लेख छ । सो वर्ष सरकारले प्राप्त हुने अनुमान गरेको आयको मात्र ९४ दशमलव ५६ प्रतिशत उपलब्धि भएको जनाएको छ ।

लक्ष्य अनुसार सरकारले आय गर्न नसक्नुमा आर्थिक वर्षको अन्तिम चौमासमा विलासिताका वस्तुको आयातमा गरिएको कडाइकै कारण भएको भन्सार विभागले जनाएको छ । आयकर समेत कमजोर हुँदा समग्रमा सरकारको आय प्रभावित बनेको अर्थमन्त्रालयको तथ्यांकले देखाई सकेको छ ।

सरकारले गत आर्थिक वर्षमा २ खर्ब ७८ अर्ब ९२ करोड रूपैयाँ बराबर भन्सार महसुल संकलन हुने अनुमान गरेपनि सो अबधिमा २ खर्ब ४१ अर्ब ७८ करोड रूपैयाँ संकलन गरेको छ । पैठारीबाट १ खर्ब ८७ अर्ब ३१ करोड रूपैयाँमात्र संकलन गरेको विभागले उल्लेख गरेको छ । निकासीबाट ४० करोड र पूर्वाधार करका रूपमा २४ अर्ब ५ करोड रूपैयाँमात्रा संकलन भएको छ ।

सरकारले १ खर्ब १२ अर्ब ६३ करोड रूपैयाँ गैरकर राजस्व संकलनको लक्ष्य राखेपनि ८३ अर्ब ७९ करोड रूपैयाँ मात्र संकलन भएको छ । शिक्षा सेवा शुल्कवापत १ अर्ब १ करोड रूपैयाँ संकलन गर्ने लक्ष्य राखेकोमा १ अर्ब २४ करोड रूपैयाँ संकलन भएको छ । आयातित वस्तुमा लाग्ने मूल्य अभिवृद्धि कर (भ्याट) भने यसवर्ष लक्ष्य भन्दा केही बढी संकलन भएको पाइएको छ ।

यस आवमा सरकारले पैठारीमा १ खर्ब ७९ अर्ब ६८ करोड रूपैयाँ बराबरको भ्याट संकलन हुने लक्ष्य राखेकोमा १ खर्ब ९८ अर्ब ४३ करोड रूपैयाँ बराबरको भएका जनाएको छ । आन्तरिक उत्पादन, बिक्री तथा सेवाबाट संकलन हुने मूल्य अभिवृद्धि करमा पनि लक्ष्य भन्दा कम संकलन भएको छ । यस आवमा १ खर्ब ३६ अर्ब ६७ करोड रूपैयाँको लक्ष्य राखिएकोमा १ खर्ब १५ अर्ब ८४ करोड रूपैयाँ मात्र संकलनमात्र भएको छ ।

अन्तःशुल्कतर्फमा यस वर्ष सरकारले राजस्वको लक्ष्य भेट्न नै सकेन । यस आर्थिक वर्षमा आन्तरिक र पैठारी दुवैमा लक्ष्य पूरा भएन । यस वर्ष सरकारले आयकरमा पनि लक्ष्य भेटाएन । यस वर्ष २ खर्ब ८९ अर्ब ४९ करोड रूपैयाँ आयकर संकलनको लक्ष्य भएपनि २ खर्ब ६० अर्ब ८ करोड रूपैयाँमात्रा संकलन भएको छ ।

नीतिगत अस्थिरता, जनशक्ति व्यवस्थापनमा समस्या, जोखिमयुक्त सूचना प्रविधि प्रणाली र गैरकरको कमजोर प्रशासनले राजस्व संकलनमा प्रभाव परेको अर्थमन्त्रालयका एक अधिकृतले जनाएको छन् । कर कानुनको परिपालनामा कमी, कर विवाद समाधानमा विलम्ब, अन्तःशूल्क प्रशासनमा कर्मचारीको कमी र कमजोर भौतिक नियन्त्रण समेतका कारण सो समस्या रहेको बताइएको छ ।

## 'लुम्बिनी श्रीलंकन पर्यटकका लागि उत्कृष्ट गन्तव्य'

**काठमाडौं (प्रस)–** नेपाल चेम्बर अफ कमर्सका पदाधिकारी र श्रीलंकाकालागि नेपाली राजदूत वासुदेव मिश्रबीच भेटवार्ता भएको छ । श्रीलंकामा कार्यभार सम्हाल्न जानुअघि राजदूत मिश्रले चेम्बरका पदाधिकारीसंग भेटवार्त गरेका छन् ।

चेम्बर पदाधिकारीले कठिन परिस्थितीबाट गुज्रिरहेको श्रीलंकाको अर्थतन्त्रले छिटै लय समात्ने अपेक्षा गरेका छन् । चेम्बरका कार्यवाहक अध्यक्ष कमलेशकुमार अग्रवालले श्रीलंकाको आर्थिक अवस्था अहिले चुनौतिपूर्ण भएपनि लामो समय नरहने आफ्नो अपेक्षा रहेको बताए ।

सार्क, बिम्स्टेक जस्ता क्षेत्रीय संगठनको साझेदार रहेका दुइ मुलुकबीच व्यापारका लागि अझै पनि ठूलो संभाबना रहेको अग्रवालले बताए । नेपाल चेम्बर अफ कर्मस र श्रीलंकन चेम्बर अफ कमर्सबीच अहिले पनि उच्चस्तरीय व्यवसायिक सहकार्य जारी रहेकाले राजदूत मिश्रको कार्यकालमा पनि यसले निरन्तरता पाउने अग्रवालले बताए ।

अग्रवालले श्रीलंका र नेपालबीच ऊर्जा व्यापारको सभावना रहेको र भारत सहित त्रिपक्षीय सम्झौताको आवश्यक्तामा समेत जोड दिए । राजदूत मिश्रले श्रीलंकन अर्थतन्त्रमा छिट्टै सुधार आउनेमा आफु आशावादी रहेको बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं-७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ